महालेखापरीक्षकको कार्ययोजना

(२०७४ – २०८०)

कार्यान्वयन तथा उपलब्धि



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल
२०८० जेठ

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानबमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट म नेपालको महालेखापरीक्षकमा नियुक्त भएको ६ वर्षको अवधि पूरा हुन लागेको छ। मैले आफ्नो कार्यभार सम्हाल्नासाथ संगठनात्मक व्यवस्था र कार्य प्रणाली सुधार, नीतिगत तथा कानूनी सुधार, लेखापरीक्षण प्रकृयामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता र संस्थागत सम्बन्ध तथा सञ्चारसमेत समावेश भएको महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना सार्वजनिक गरेको थिएँ। मैले आफ्नो ६ वर्षे कार्ययोजनामा उल्लेख गरेका विषयहरुको कार्यान्वयन र त्यसका उपलब्धि मूल्याङ्कन गरी यो प्रतिवेदन तयार गरिएको छ ।

यो मूल्याङ्कन मेरो आफ्नो कामको मात्र नभई कार्यालयका सम्पूर्ण कर्मचारीको कार्य सम्पादनको प्रतिफल भएको सबै कर्मचारीको योगदानको कदर र सम्मान गर्न चाहन्छु। मूल्याङ्कन गर्दा प्राप्त नतिजा उत्कृष्ट रहेको महसुस गरेको छु ।

महालेखापरीक्षकको कार्यालयले स्थापनाकालदेखि नै सार्वजनिक क्षेत्रमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धिका लागि आर्थिक अनुशासन कायम गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। कार्यालयको भूमिकालाई थप प्रभावकारी बनाउन ६ वर्षको कार्यकालमा महत्वपूर्ण कार्यहरू भएको मैले महसुस गरेको छु।

लेखापरीक्षणको माध्यमबाट जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गर्दै सार्वजनिक स्रोत र साधनको सही उपयोगको लागि यथेष्ट प्रयास भएको छ । महालेखापरीक्षको ६०औं वार्षिक प्रतिवेदन मार्फत शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक प्रशासन, विकास व्यवस्थापन र जिम्मेवारी र उत्तरदायित्व निर्वाह लगायतका क्षेत्रमा देखिएका समस्या र भविष्यमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव प्रस्तुत गरिएको छ। ती सुझावहरूको कार्यान्वयनबाट राज्यले अपेक्षा गरेको उपलब्धि हासिल गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

नेपालको महालेखापरीक्षकले स्वदेशमा मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा समेत सम्मानजनक उपस्थिति र पहिचान बनाएको छ। नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनको सदस्य रहि आएको छ। त्यसैगरी नेपाल एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनको गभर्निङ्ग बोर्डको सदस्य रही कार्यसम्पादन समेत गरेको छ । यस कार्यालयले

अन्तर्राष्ट्रियस्तरका विभिन्न कार्यक्रम समेत आयोजना गरिसकेको छ । अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरका कार्यक्रममा नेपालको सहभागिता रहने गरेको छ। भविष्यमा समेत यस्ता कार्यक्रमको निरन्तरता हुनु उपयुक्त देखिन्छ ।

मैले नेपालको संविधानबमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष ६ वटा वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु। पहिलो र दोस्रो वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ९ महिना अर्थात् चैत्र मसान्तमा पेस गरेको थिएँ भने तेस्रो, चौथो र पाँचौं वार्षिक प्रतिवेदन पेस गर्न कोभिड-१९ को विश्वव्यापी प्रकोप र बन्दाबन्दीका कारण केही ढिला भए तापनि छैटौं वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ९ महिनाभित्रै अर्थात् चैत्र मसान्तमै पेस गरेको छु।

यस अवधिमा मलाई महालेखापरीक्षकको कर्तव्य निर्वाह गर्नको लागि अहोरात्र खटिई तोकिएको जिम्मेवारी पूरा गर्ने कार्यालयका उप-महालेखापरीक्षकहरू, नायब-महालेखापरीक्षकहरू, निर्देशकहरू, अधिकृतहरूलगायत सबै कर्मचारीको सहयोग, सद्भाव, सुझाव र सहकार्यको उच्च कदर गर्दै हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै, यो ६ वर्षको कार्य अवधिमा मलाई सल्लाह र सुझाव प्रदान गर्नु हुने सम्पूर्ण महानुभाव तथा संघसंस्थाहरू, आम सञ्चारकर्मी र लेखापरीक्षण सल्लाहकार समितिलगायत कार्यालयका सबै कर्मचारीहरूप्रति आभार व्यक्त गर्दछु ।

जेठ ७, २०८०

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

विषय सूची

परिच्छेद - एक १
पृष्ठभूमि १
१.१. संवैधानिक तथा कानूनी व्यवस्था १
१.२. कार्यालयको भूमिका २
१.३. कार्ययोजना कार्यान्वयन २
परिच्छेद - दुई ४
विद्यमान अवस्था ४
२.१ बाह्य वातावरण ४
२.२ लेखापरीक्षण अङ्क ४
२.३ बेरुजु ६
२.४ अद्यावधिक बेरुजुको स्थिति ७
२.५ बढी बेरुजु हुने मन्त्रालय ८
२.६ संगठित संस्था, समिति र अन्य संस्था १०
२.७ सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व १०
२.८ सरकारी खर्च तथा राजस्व ११
२.९ सुशासन स्थिति १२
२.१० भ्रष्टाचार मापन सूचक १२
२.११ वित्तीय अनुशासन तथा बेरुजु फर्स्यौट १३
२.१२ आन्तरिक वातावरण १४
क) महालेखापरीक्षकको स्वतन्त्रता १४
ख) बेरुजु सम्परीक्षण १४
ग) जनशक्ति व्यवस्था र सुविधा १५
घ) कार्यबोझ १६
ङ) भौतिक पूर्वाधार १७
च) लेखापरीक्षणको पद्धति एवं गुणस्तर १७
छ) संस्थागत सम्बन्ध र सञ्चार १८
परिच्छेद - तीन २०
कार्ययोजना कार्यान्वयन २०
३.१ कार्ययोजना २०

३.२ संगठनात्मक व्यवस्था र कार्य प्रणाली सुधार.....२१
३.३ लेखा, लेखापरीक्षणसम्बन्धी नीतिगत तथा कानूनी सुधार.....३२
३.४ लेखापरीक्षण प्रक्रियामा सुधार.....३३
३.५ लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार.....३५
३.६ लेखापरीक्षणबाट असुलीमा योगदान.....४०
३.७ वित्तीय अनुशासन तथा जवाफदेहिता.....४२
३.८ संस्थागत सम्बन्ध र सञ्चार.....४६
अ. एसोसाई बैठकहरू.....४९
आ. इन्टोसाई बैठक.....४९
इ. सदाचार प्रवर्द्धन सम्बन्धी कार्यक्रममा सहभागिता.....५०
ई. संयुक्त राष्ट्रसंघमा सहभागिता.....५१
उ. अन्य देशका कार्यक्रमहरू.....५१
ऊ. विदेशी प्रतिनिधि मण्डलको नेपाल भ्रमण तथा कार्यक्रम.....५१
ऋ. राष्ट्रिय कार्यक्रम.....५२
परिच्छेद - चार.....५७
प्राप्त उपलब्धि र आगामी कार्यदिशा.....५७
४.१ कार्यान्वयन रणनीति.....५७
४.२ अनुगमन व्यवस्था.....५७
४.३ जोखिम न्यूनीकरण.....५८
४.४ प्राप्त उपलब्धि.....५८
४.५ आगामी कार्यदिशा.....५९
४.५.१ संगठन संरचना.....५९
४.५.२ लेखापरीक्षण प्रभावकारिता.....६०
४.५.३ लेखापरीक्षण कार्यप्रणाली.....६१
४.५.४ प्रतिवेदन प्रणाली.....६४
४.५.५ महालेखापरीक्षकको स्वायत्तता तथा स्वतन्त्रता.....६५
४.५.६ कर्मचारी व्यवस्थापन तथा सुविधाको वैकल्पिक व्यवस्था.....६७
४.५.७ वित्तीय अनुशासन र जवाफदेहिता.....६८

परिच्छेद - एक

पृष्ठभूमि

१.१. संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिस र व्यवस्थापिका संसदको संसदीय सुनुवाइ विशेष समितिमा सुनुवाइ भई अनुमोदन पश्चात् राष्ट्रपतिबाट महालेखापरीक्षकको नियुक्ति गर्ने व्यवस्था छ। धारा २४१ मा सङ्घीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह तथा कानूनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकले लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। नेपालको संविधानमा महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहायबमोजिम गरिएको छ।

- राष्ट्रपति तथा उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायत सङ्घीय र प्रदेशका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने,
- पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिमा परामर्श दिने,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानूनद्वारा तोकिएका कोष, समिति, निकायको लेखापरीक्षण गर्ने,
- लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्न पाउने,
- लेखा ढाँचा स्वीकृत गर्ने,
- आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने।

लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुरा र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षण सम्बन्धमा उल्लेख गरेको छ।

१.२. कार्यालयको भूमिका

महालेखापरीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने दूरदृष्टि र राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरेको छ। स्वतन्त्रता, निष्ठा, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता कार्यालयका मूल्य र मान्यता हुन्।

कार्यालयले लेखापरीक्षणको माध्यमबाट सार्वजनिक हित प्रवर्द्धनका सन्दर्भमा प्रचलित ऐन नियम, निर्देशिका विपरीत आर्थिक कारोबार भएमा, सार्वजनिक निकायले जनतालाई सेवा प्रवाह गर्ने सिलसिलामा भएका कमी कमजोरीहरू, सार्वजनिक नीतिको कार्यान्वयनमा देखिएका समस्याहरू नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको समेत विचार गरी औँल्याउने गरिएको छ । फलस्वरूप राज्यको स्रोतसाधनको अपव्यय, दुरूपयोग, हानि नोक्सानी, चुहावट रोकथाम एवं स्रोतसाधनको उपयोगबाट उच्चतम प्रतिफल प्राप्त गर्न सहयोग पुगेको छ। लेखापरीक्षणबाट औँल्याएइका विषयहरूको सम्बोधनबाट सरकारी रकम असुल भई सञ्चितकोषमा दाखिला भएको तथा ऐन, नियम, नीति, संगठनात्मक सुधारको कारणबाट समेत राज्यलाई थप राजस्व प्राप्त भएको छ। सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता आएको र जनतालाई प्रवाह हुने सेवामा प्रभावकारिता आएको प्रशस्त उदाहरण छन्। तसर्थ आर्थिक अनुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालयको योगदान रहेको छ।

१.३. कार्ययोजना कार्यान्वयन

मैले महालेखापरीक्षकको जिम्मेवारी सम्हाल्दा कार्यालयको तेस्रो रणनीतिक योजना (सन् २०१६-२०) कार्यान्वयनमा रहेको थियो। उक्त रणनैतिक योजनाको बाँकी तीन वर्ष र चौथो रणनीतिक योजना (सन् २०२१-२५) को हालसम्म भएका

प्रगति एवं उपलब्धिहरू समेतलाई दृष्टिगत गरी यो मूल्याङ्कन तयार गरिएको छ। कार्य योजनामा समावेश भएका संगठनको पुनर्संरचना, भौतिक पूर्वाधार विकास, कर्मचारीको क्षमता विकास, कानूनी सुधार, कार्य प्रक्रिया र पद्धतिमा सुधारसम्बन्धी क्रियाकलापहरूको प्रगति समीक्षा यसमा गरिएको छ। कार्यान्वयनको मूल्याङ्कनबाट देखिएका विषयहरूमा निरन्तर सुधार गर्नुपर्ने देखिएको छ।

परिच्छेद - दुई

विद्यमान अवस्था

२.१ बाह्य वातावरण

नेपालको संविधान अनुसार महालेखापरीक्षकलाई संघ तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सार्वजनिक संस्थान तथा सङ्घीय कानून बमोजिम महालेखापरीक्षकले लेखापरीक्षण गर्ने भनी उल्लेख भएका निकायहरूको लेखापरीक्षण गरी प्रतिवेदन गर्ने कर्तव्य र अधिकार रहेको छ । संविधान बमोजिम आफ्नो काम, कर्तव्य पूरा गर्ने सन्दर्भमा आन्तरिक कार्य व्यवस्थापनका अतिरिक्त बाह्य सरोकारवालाहरूसँग समन्वय एवं सहकार्य गर्नुपर्ने अवस्था अनुसार बाह्य वातावरणको विश्लेषण गर्न आवश्यक छ। महालेखापरीक्षकको नियुक्ति हुँदा २०७४ जेठ र ६ वर्षे कार्यकालको अन्तिम वर्ष २०८० जेठको लेखापरीक्षण, बेरुजु, अद्यावधिक बेरुजु, मुलुकको समग्र आर्थिक अनुशासनका परिसूचकहरू र महालेखा परीक्षकको कार्यालयको समग्र अवस्था विश्लेषण स्थिति देहायअनुसार प्रस्तुत गरिएको छः

२.२ लेखापरीक्षण अङ्क

महालेखापरीक्षकको चवन्नौ वार्षिक प्रतिवेदन, २०७३ र साठिऔँ वार्षिक प्रतिवेदन, २०७९ बमोजिम लेखापरीक्षण अङ्कको तुलनात्मक विवरण देहायअनुसार छः

(क) ५४औँ वार्षिक प्रतिवेदन, २०७३ को अवस्था

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	रकम रू. करोडमा
(क)	**वित्तीय लेखापरीक्षण**	**४७७५**	**३३३९७८**
	१. सरकारी कार्यालय	३९४४	१२९५४४
	२. जिल्ला विकास समिति	७५	१२३०३
	३. समिति र अन्य संस्था	६९३	१२२४७
	४. संगठित संस्था	६३	१७९८८४
(ख)	**कार्यमूलक लेखापरीक्षण**	**७**	-
(ग)	**सूचना प्रविधि लेखापरीक्षण**	**३**	-
(घ)	**वातावरणीय लेखापरीक्षण**	**१**	-

(ख) ६० औं वार्षिक प्रतिवेदन, २०७९ को अवस्था

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	रकम रू. करोडमा
(क)	**वित्तीय लेखापरीक्षण**	**६,५४६**	**७१,३८,१७**
	१. सङ्घीय मन्त्रालय	४,०६८	२३,५६,३४
	२. प्रदेश मन्त्रालय	१,२१८	३,१२,७३
	३. स्थानीय तह	७५१	११,०४,०१
	४. समिति र अन्य संस्था	४३४	१,८२,२२
	५. संगठित संस्था	७५	३१,८२,८७
(ख)	**कार्यमूलक लेखापरीक्षण**	**६**	-
(ग)	**सूचना प्रविधि लेखापरीक्षण**	**१**	-
(घ)	**वातावरणीय लेखापरीक्षण**	**१**	-
(ङ)	**विशेष लेखापरीक्षण**	**२४**	-

चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ अनुसार सरकारी कार्यालयतर्फ ३ हजार ९४४ सरकारी निकायको विनियोजन, राजस्व र धरौटीसमेत रु.१२ खर्ब ९५ अर्ब ४४ करोड, ७५ जिल्ला विकास समितिको रु.१ खर्ब २३ अर्ब **३** करोड, ६९३ समिति तथा अन्य संस्थाको रु.१ खर्ब २२ अर्ब ४७ करोड र ६३ संगठित संस्थाको रु १७ खर्ब ९८ अर्ब ८४ करोड समेत रु ३३ खर्ब ३९ अर्ब ७८ करोडको लेखापरीक्षण भएकोमा साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार सरकारी कार्यालयतर्फ सङ्घीय मन्त्रालय तथा मातहत निकाय ४ हजार ६८ को विनियोजन, राजस्व र धरौटीसमेत रू.२३ खर्ब ५६ अर्ब ३४ करोड, प्रदेश मन्त्रालय तथा मातहत निकाय १ हजार २१८ को विनियोजन, राजस्व, धरौटीसमेत रू.३ खर्ब १२ अर्ब ७३ करोड, स्थानीय तह ७५१ (बक्यौता २ समेत) को रू.११ खर्ब ४ अर्ब १ करोड, समिति र अन्य संस्थातर्फ ४३४ को रू.१ खर्ब ८२ अर्ब २२ करोड, र संगठित संस्थातर्फ ७५ को रू.३१ खर्ब ८२ अर्ब ८७ करोड समेत ७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण गरिएको छ।

चवन्नौं प्रतिवेदन, २०७३ बमोजिम विभिन्न ४ हजार ७७५ निकाय तथा विषयको रु. ३३ खर्ब ३९ अर्ब ७८ करोडको लेखापरीक्षण भएकोमा साठिऔं प्रतिवेदन, २०७९ बमोजिम विभिन्न ६ हजार ५४६ निकाय तथा विषयको रु. ७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण भई लेखापरीक्षण गर्ने निकाय तथा विषयमा १ हजार ७७१ अर्थात ३७.०९ प्रतिशतले वृद्धि भएको छ भने लेखापरीक्षण अंक रु.

३७ खर्ब ९८ अर्ब ३९ करोड पुगी ६ वर्षको अवधिमा ११३.७३ प्रतिशतले वृद्धि भएको छ ।

२.३ बेरुजु

चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ र साठिऔं वार्षिक प्रतिवेदन, २०७९ बमोजिम लेखापरीक्षणबाट कायम भएको बेरुजु देहाय बमोजिम छः

(क) चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ अनुसार कायम भएको बेरुजु

(रू. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	जिल्ला विकास समिति, समिति तथा अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१.असुल गर्नुपर्ने	४०,४३,८९	९४,७८	४१,३८,६७	४२.४८
२.नियमित गर्नुपर्ने	२४,४०,३२	६,०७,७८	३०,४८,१०	३१.२८
३.पेश्की	२४,०१,३८	१,५५,५४	२५,५६,९२	२६.२४
जम्मा बेरुजु	**८८,८५,५९**	**८,५८,१०**	**९७,४३,६९**	**१००.००**

(ख) साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार कायम भएको बेरुजु

(रू. लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	१९१८१४	७५१४	५९०५७	४५८७८	**३०४२६३**	**२५.४०**
२.नियमित गर्नुपर्ने	**३३७८९५**	**५२४४४**	३२४६१२	**७९५६८**	**७९४५१९**	**६६.३३**
३. पेस्की	३३४००	१२०९२	४५१४०	**८३५६**	**९८९८८**	**८.२७**
जम्मा बेरुजु	**५६३१०९**	**७२०५०**	**४२८८०९**	**१३३८०२**	**११९७७७०**	**१००.००**

द्रष्टव्यः *१. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

२. संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार असुल उपर गर्नुपर्ने बेरुजु रू. ३० अर्ब ४२ करोड ६३ लाख (२५.४० प्रतिशत), अनियमित बेरुजु रू.

७९ अर्ब ४५ करोड १९ लाख (६६.३३ प्रतिशत), पेस्की रू. ९ अर्ब ८९ करोड ८८ लाख (८.२७ प्रतिशत) देखिएकोमा चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ मा क्रमशः रू. ४१ अर्ब ३८ करोड ६७ लाख (४२.४८ प्रतिशत), रू. ३० अर्ब ४८ करोड १० लाख (३१.२८ प्रतिशत) र २५ अर्ब ५६ करोड ९२ लाख (२६.२४ प्रतिशत) रहेको थियो । समष्टिमा महालेखापरीक्षकको चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ मा रू. ९७ अर्ब ४४ करोड देखिएकोमा साठिऔं वार्षिक प्रतिवेदन, २०७९ मा रू.१ खर्ब १९ अर्ब ७८ करोड बेरुजु देखिएकोले बेरुजु २२.९२ प्रतिशतले बढेको छ।

२.४ अद्यावधिक बेरुजुको स्थिति

निकायहरूले असुल फर्स्यौंट गरी कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम चवन्नौं प्रतिवेदनमा रू.३ खर्ब ९६ अर्ब २६ करोड रहेकोमा साठिऔं वार्षिक प्रतिवेदनमा अद्यावधिक बेरुजु रू.५ खर्ब ८७ अर्ब ३३करोड र कारवाही टुंगो लगाउनु पर्ने रु. ३ खर्ब ४५ करोड १३ लाख समेत जम्मा रू.९ खर्ब ५९ अर्ब ७९ करोड पुगेको छ। अद्यावधिक बेरुजुको तुलनात्मक तालिका निम्नबमोजिम रहेको छ ।

(क)चवन्नौं वार्षिक प्रतिवेदन, २०७३

(रु. करोडमा)

विवरण	रकम
सरकारी कार्यालयतर्फ बेरुजु	१६७४९
संगठित संस्था तथा समितितर्फ बेरुजु	५४४०
लेखापरीक्षण नगराएको (बक्यौता)	५३१
राजस्व असुल नगरेको (बक्यौता)	१३२१८
समयमै सोधभर्ना नलिएको वैदेशिक अनुदान	२२५२
समयमै सोधभर्ना नलिएको वैदेशिक ऋण	१४२४
सरकार जवानी बसी दिलाएको ऋणको भाखा नाघेको साँवा ब्याज	२
जम्मा	**३९६२६**

(ख) साठिऔं वार्षिक प्रतिवेदन, २०७९

(रू. करोडमा)

सि.नं.	विवरण	रकम
१.	**अद्यावधिक बेरुजु**	
१.१.	सङ्घीय सरकारी कार्यालयहरू	२९६१३
१.२.	प्रदेश सरकारी कार्यालयहरू	२४३८
१.३.	स्थानीय तह	१७२६१
१.४.	अन्य संस्था समिति (प्रदेश समेत)	९४२२
	जम्मा	**५८७३४**
२.	**कारबाही टुङ्गो लगाउनुपर्ने रकम**	
२.१.	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	७८०
२.२.	राजस्व बक्यौता	३२५७३
२.३.	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१५०६
२.४.	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२१८१
२.५.	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५
	जम्मा	**३७२४५**
	कुल जम्मा	**९५९७९**

चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ अनुसार कारवाही गरी टुङ्गो लगाउनुपर्ने बेरुजु रु. ३ खर्ब ९६ अर्ब २६ करोड रहेकोमा साठिऔं वार्षिक प्रतिवेदन अनुसार रु. ९ खर्ब ५९ अर्ब ७९ करोड पुगी ६ वर्षको अवधिमा १४२.२१ प्रतिशत बढेको छ ।

२.५ बढी बेरुजु हुने मन्त्रालय

चवन्नौ वार्षिक प्रतिवेदन, २०७३ र साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार बढी बेरुजु हुने मन्त्रालय देहाय बमोजिम छन्।

(क)चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ अनुसार बढी बेरुजु हुने मन्त्रालय

(रू लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	अर्थ	७१८९५६६	३७५३६१	१५४८६	३०२	३९११४९	४४.०२	५.४४
२.	भौतिक पूर्वाधार तथा यातायात	७०६८७०	६५००	२४२५२	९६९५३	१२७७०५	१४.३८	१८.०७
३.	सङ्घीय मामिला तथा स्थानीय विकास	६७०६२६	२५५२	४२०१३	३५७८३	८०३४८	९.०४	११.९८
४.	शिक्षा	९२०३०४	१०५८	७३९१६	२६७०	७७६४४	८.७४	८.४४
५.	खानेपानी तथा सरसफाइ	१४६४३४	१७४६	२१५४४	१४९६०	३८२५०	४.३०	२६.१२
	जम्मा	**९६३३८००**	**३८७२१७**	**१७७२११**	**१५०६६८**	**७१५०९६**	**८०.४८**	**७.४२**

(ख) साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार बढी बेरुजु हुने मन्त्रालय

(रू. लाखमा)

क्र. सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१६३६१६३८	८७०५९	२३७५४७	८१	३२४६८८	५७.६६	१.९८
२	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	१२०९६६४	२९३५६	४०५८८	१८०३०	८७९७४	१५.६२	७.२७
३	सञ्चार तथा सूचना प्रविधि	१४४५१०	२६१६१	२५८	६४०	२७०५८	४.८१	१८.७२
४	कृषि तथा पशुपन्छी विकास	३३००३३	२४१४४	७११	५१६	२५३७१	४.५१	७.६९
५	गृह	१११७६२८	१८१५	८९७३	४९१९	१५७०८	२.७९	१.४१
६	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	५४८८७३	८२७०	५०५८	९६	१३४२४	२.३८	२.४५
७	ऊर्जा, जलस्रोत तथा सिँचाइ	४३९६१६	१८७४	१०१९७	९०१	१२९७२	२.३०	२.९५
८	सहरी विकास	४१६९२७	२०४४	७६११	१३०९	१०९६४	१.९५	२.६३
९	खानेपानी	१५८४०२	३०२४	४८४५	९१७	८७८५	१.५६	५.५५
१०	स्वास्थ्य तथा जनसंख्या	५३१४४८	३११७	३५१५	२०४२	८६७४	१.५४	१.६३
	जम्मा	**२१२५८७३९**	**१८६८६४**	**३१९३०३**	**२९४५१**	**५३५६१८**	**९५.१२**	**५२.२८**

चवन्नौं वार्षिक प्रतिवेदन, २०७३ अनुसार सरकारी कार्यालयतर्फ बेरुजु रू. ८८ अर्ब ८५ करोड ५९ लाखमध्ये बढी बेरुजु हुने ५ मन्त्रालयको कुल बेरुजु रू. ७१ अर्ब ५० करोड ९६ लाख अर्थात ८०.४८ प्रतिशत रहेको छ। यसै गरी साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार सरकारी कार्यालय सङ्घीय मन्त्रालयतर्फ बेरुजु रू.५६ अर्ब ३१ करोड ९ लाखमध्ये बढी बेरुजु हुने १० मन्त्रालयको कुल बेरुजु रू. ५३ अर्ब ५६ करोड १८ लाख अर्थात ९५.१२ प्रतिशत रहेको छ।

२.६ संगठित संस्था, समिति र अन्य संस्था

चवन्नौ वार्षिक प्रतिवेदन, २०७३ अनुसार लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने २८ संस्था, समिति र अन्य संस्थामध्ये १६ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रू. ५० अर्ब ३७ करोड र १२ संस्थाको कुल सञ्चालन नोक्सानी रू. ८ अर्ब ७४ करोड रहेको छ। यसै गरी साठिऔं वार्षिक प्रतिवेदन, २०७९ अनुसार लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने ७१ संस्था, समिति र अन्य संस्थामध्ये ५४ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रू. ८६ अर्ब ७३ करोड र १७ संस्थाको कुल सञ्चालन नोक्सानी रू. ३ अर्ब ९३ करोड रहेको छ।

२.७ सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व

नेपाल सरकारले गरेको सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कनअनुसार सन् २००७ को तुलनामा २०१४ मा स्तरोन्नति भएको, खस्केको र स्थिर रहेको सूचकको विवरण देहायमा छः

मूल्याङ्कनको अवस्था	सूचक सङ्ख्या	प्रतिशत
स्तरोन्नति भएको	१९	६१
स्तर खस्केको	२	७
स्थिर (कुनै परिवर्तन नभएको)	१०	३२
जम्मा	**३१**	**१००**

नोटः *सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मूल्याङ्कन २०२२ को प्रतिवेदन तयारीको चरणमा रहेको छ।*

मूल्याङ्कनका विभिन्न आयामहरूमा नेपालको प्राप्ताङ्क र संवेदनशील देश, कम विकसित मुलुक र मध्यम आय भएका मुलकबीचको तुलनात्मक स्थिति देहायअनुसार छ। जसमा मूल्याङ्कन अवधिमा सार्वजनिक लेखा समिति नरहेको लगायतका कारणबाट बाह्य जाँच र लेखापरीक्षणमा अन्य मुलुकको तुलनामा कमजोर देखिएको छ।

देश	बजेटको विश्वसनीयता	व्यापकता र पारदर्शिता	नीतिमा आधारित बजेट	अनुमानयोग्य र बजेट कार्यान्वयनको नियन्त्रण	लेखा, अभिलेखन र प्रतिवेदन	बाह्य जाँच/ लेखापरीक्षण
नेपाल	३.५	२.७	३.२५	२.५	२.६	१.५
१५ संवेदनशील	२.०	२.०	२.३	१.९	२.०	१.७
२६ कम विकसित	२.४	२.४	२.५	२.४	२.१	१.८
५२ मध्यम आय	२.८	२.८	२.८	२.५	२.५	२.३

२.८ सरकारी खर्च तथा राजस्व

सङ्घीय सरकारले निम्न बमोजिम ६ वर्ष मध्ये तीन आर्थिक वर्षमा राजस्व अनुमानकै हाराहारीमा असुली गरे पनि तीन आर्थिक वर्षमा अनुमान गरे भन्दा १४.३४ देखि ११.२० प्रतिशत कम असुल गरेको छ। बजेट अनुमानको तुलनामा ७१.१८ देखि ८४.८१ प्रतिशतसम्म मात्र खर्च भएकोले सरकारी स्रोतसाधनको उपयोग क्षमता कम रहेको देखिन्छ। त्यसमा पनि वैदेशिक स्रोततर्फको उपयोग क्षमता २०७८।७९ मा ४२.४४ प्रतिशत रहेको छ। सरकारी राजस्व र खर्चको विगत वर्षको स्थिति निम्नानुसार छः

(रू. करोडमा)

आर्थिक वर्ष	बजेट		प्रतिशत	पुँजीगत खर्च			राजस्व		प्रतिशत
	विनियोजन	खर्च		विनियोजन	खर्च	प्रतिशत	अनुमान	यथार्थ	
२०७३।७४	१०४८९२	८३११५	७९.२४	३११९४	२०८७४	६६.९२	६०२३०	६०९११	१०१.१३
२०७४।७५	१२७८९९	१०८४६८	८४.८१	३३५१७	२७०७१	८०.७७	७३००५	७२६७१	९९.५४
२०७५।७६	१३१५१६	१११०४५	८४.४३	३१३९९	२४१५६	७६.९३	९४५५५	८३९६६	८८.८०
२०७६।७७	१५३२९६	१०९११३	७१.१८	४०८००	१८९०८	४६.३४	१११२०३	८४१३१	७५.६६
२०७७।७८	१४७४६४	११९६६७	८१.१५	३५३७४	२२८८३	६४.६९	१०११७५	८६५३७	८५.५३
२०७८।७९	१६३२८२	१३०९८७	८०.२२	३७५३६	२१६०८	५७.५७	११५१६०	११२९२८	९८.०६

पुँजीगत खर्चको स्थिति विश्लेषण गर्दा बजेट अनुमानको तुलनामा खर्चको अवस्था ४६.३४ देखि ८०.७७ प्रतिशत रहेको छ। साठिऔँ वार्षिक प्रतिवेदन,

२०७९ अनुसार पुँजीगत खर्चतर्फ आषाढ महिनामा मात्र २१ प्रतिशत खर्च हुने प्रवृत्तिले कामको गुणस्तर कमजोर भै खर्चको सदुपयोग हुन नसक्ने अवस्था छ। राजस्वतर्फ आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ मा लक्ष्यको करिब ७५ प्रतिशत असुली रहेकोमा अन्य आर्थिक वर्षमा लक्ष्यको नजिक असुली रहेको देखिन्छ। कुल राजस्व सम्भाव्यताको आकलन गरी लक्ष्य अनुरुप असुली हुनुपर्दछ।

२.९ सुशासन स्थिति

विश्वव्यापी शासकीय सूचकाङ्क (Worldwide Governance Indicator) बमोजिम नेपालको सुशासन सूचकाङ्कको तुलनात्मक स्थिति निम्नानुसार देखिएको छः

शीर्षक	सन् २०११	सन् २०१६	सन् २०२१
आवाज र उत्तरदायित्व	३२.३९	३७.९३	४३.००
राजनीतिक स्थिरता/हिंसाको अन्त्य	८.०६	१७.१४	३८.२१
सरकारी प्रभावकारिता	१८.०१	२०.१९	१७.७९
नियमन गुणस्तर	२५.५९	२३.५६	३०.२९
कानूनी शासन	२१.६०	२१.६३	३४.६२
भ्रष्टाचार नियन्त्रण	२३.२२	२२.६०	३३.१७

माथिको तुलनात्मक विवरणमा अघिल्ला सर्वेक्षणको तुलनामा पछिल्लो सर्वेक्षणमा छ वटा आयाममध्ये सरकारी प्रभावकारिताको सूचक घटे तापनि अन्य सूचकहरूमा सुधार भएको पाइन्छ।

२.१० भ्रष्टाचार मापन सूचक

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रकाशन गरेको प्रतिवेदनअनुसार नेपालको भ्रष्टाचार मापन सूचक (Corruption Perception Index) को अवस्था सन् २०१८ को तुलनामा केही सुधार भएको छ। उक्त सूचकको विगत ५ वर्षको अवधिको तुलनात्मक स्थिति देहायबमोजिम रहेको छः

वर्ष	स्थान	प्राप्त अङ्क
२०१८	१२४	३१
२०१९	११३	३४
२०२०	११७	३३
२०२१	११७	३३
२०२२	११०	३४

२.११ वित्तीय अनुशासन तथा बेरुजु फर्स्यौंट

शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त तथा खर्च, सार्वजनिक प्रशासन तथा सेवा प्रवाह, विकास व्यवस्थापन तथा जिम्मेवारी र जवाफदेहिता क्षेत्रमा कमजोरी देखिएका छन्। सार्वजनिक निकायहरूमा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर देखिएको छ भने स्रोतसाधनको संरक्षण र उपयोग तथा राजस्व प्रशासन सञ्चालनमा अपेक्षित प्रभावकारिता आउन सकेको छैन। देहायबमोजिमको सरकारी निकायतर्फको विगत ६ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थितिले उक्त तथ्यलाई पुष्टि गर्दछः

(रू. करोडमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत
पचपन्नौं (२०७४)	४६८७९१	१२०९१	२.५८
छपन्नौं (२०७५)	५१६०९२	१४१०५	२.७३
सन्तान्नौं (२०७७)	५१७१६४	१३२९९	२.५७
अन्ठान्नौं (२०७८)	५३२७९१	१०४३८	१.९६
उनन्साठिऔं (२०७९)	४३७७१७	११५०५	२.६३
साठिऔं (२०७९)	७१३८१७	११९७७	१.६८

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु पचपन्नौं प्रतिवेदन, २०७४ अनुसार २.५८ प्रतिशत रहेकोमा साठिऔं वार्षिक प्रतिवेदन प्रतिवेदन, २०७९ मा १.६८ रहेको छ। पचपन्नौं वार्षिक प्रतिवेदनसम्म म्याद ननाघेको पेस्की बाँकी रकमलाई बेरुजु अङ्कमा समावेश भएकोमा छपन्नौं प्रतिवेदनबाट म्याद ननाघेको पेस्की बाँकी रकम बेरुजु अङ्क कायम गरिएको छैन। त्यसैगरी बेरुजु फर्स्यौंटतर्फ पनि विगत ६ वर्षको बेरुजु फर्स्यौंटको अवस्था विश्लेषण गर्दा प्रतिवर्ष बेरुजु बढेको तर सम्परीक्षण न्यून भएको स्थिति छ। एउटै व्यहोरा पटक पटक दोहोरिँदा पनि सुधारमा ध्यान नदिएको स्थिति छ। नियमनकारी निकायहरू पनि प्रभावकारी नहुने र संसदीय समितिले दिएका निर्देशन पनि पालना नभएको अवस्था छ। समग्रमा सार्वजनिक जवाफदेहिता कमजोर देखिन्छ।

आर्थिक अनुशासनको कमी हुनुमा राजनीतिक, प्रशासकीय तथा व्यवस्थापकीय र बाह्य एवं सामाजिक परिवेश जिम्मेवार छन्। राजनीतिक संक्रमणकाल र सरकारको अस्थिरता, दण्डहीनता, सार्वजनिक पदाधिकारीहरूमा जिम्मेवारी र जवाफदेहिताको ह्रास, सरकारी संयन्त्रमा बजेट तथा कार्यक्रममा भएको

वृद्धिसँगै कार्यान्वयनको लागि प्राविधिक र व्यवस्थापकीय क्षमताको कमी, सरकारको जनशक्ति परिचालनको फितलोपना र अनुशासनको अभाव, सरकारी काम कारबाहीमा स्वस्थ कार्यवातावरणको कमी लगायतका कारणले वित्तीय सुशासन कमजोर रहेको छ।

२.१२ आन्तरिक वातावरण

महालेखापरीक्षकको कार्यालयको हालको आन्तरिक वातावरण निम्नानुसार रहेको छः

क) महालेखापरीक्षकको स्वतन्त्रता

सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणापत्रमा प्रत्येक देशको सर्वोच्च लेखापरीक्षण संस्थालाई आर्थिक तथा प्रशासनिक स्वायत्तता हुनुपर्ने उल्लेख छ। हाम्रो परिप्रेक्ष्यमा कार्यालयका कर्मचारीको नियुक्ति, कार्यसम्पादन मूल्याङ्कन र बढुवा तथा आर्थिक स्रोतको व्यवस्थापनमा कार्यकारीको संलग्नता रहेको छ। विश्वका सर्वोच्च लेखापरीक्षक संस्थाको अन्तर्राष्ट्रिय सङ्गठन (इन्टोसाई) को सन् १९७७ मा भएको महाधिवेशनबाट पारित लिमा घोषणापत्र, १९७७ मा लेखापरीक्षण गर्ने सर्वोच्च लेखापरीक्षण निकायका पदाधिकारी संसद र सरकारबाट स्वतन्त्र रहनुपर्ने, नियुक्ति, सेवा शर्त र अवकाश सम्बन्धी व्यवस्था संविधान र कानूनमा व्यवस्थित हुनु पर्ने साथै सर्वोच्च लेखापरीक्षण निकायका कर्मचारीहरू सरकारबाट स्वतन्त्र रही आफ्नो कार्य गर्नु पर्ने व्यवस्था गरेको छ। त्यस्तै इन्टोसाईको मेक्सिको घोषणा पत्र, २००८ मा लेखापरीक्षणको विधि, प्रकृया प्रतिवेदन लगायतका विषयमा स्वतन्त्रता कायम हुनु पर्ने व्यवस्था छ ।

नेपालको संविधानबमोजिम प्रशासकीय तथा वित्तीय स्वतन्त्रताको लागि मेक्सिको घोषणाअनुसार प्रशासकीय र वित्तीय स्वायत्तता हासिल गर्न आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने अवस्था छ।

ख) बेरुजु सम्परीक्षण

लेखापरीक्षण ऐन, २०७५ को दफा २ मा लेखापरीक्षण भन्नाले दफा ३ बमोजिमका निकायको लेखा तथा लेखासँग सम्बन्धित कामको परीक्षण र त्यसको आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण सम्झनु पर्ने र सो शब्दले सम्परीक्षण

गर्ने कार्यलाईसमेत जनाउने उल्लेख छ भने दफा २१ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा महालेखापरीक्षकले प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनको लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई निर्देशन दिनेलगायतका कार्य गर्न सक्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४०(४) बमोजिम लेखाउत्तरदायी अधिकृतबाट नियमित भएको ७ दिनभित्र तथा दफा ४१(३) बमोजिम प्रतिनिधि सभाबाट स्वीकृत सार्वजनिक लेखा समितिको प्रतिवेदनबमोजिम बेरुजु ३० दिनभित्र लगतबाट हटाई सोको जानकारी सार्वजनिक लेखा समिति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिनुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि नै कानूनबमोजिम सम्परीक्षण गर्दिँदै आएकोमा २०७९।३।१७ मा सार्वजनिक लेखा समितिको निर्देशानुसार उल्लेख गरी प्राप्त परिपत्र पश्चात् सङ्घीय सरकारतर्फका निकायहरूको बेरुजु सम्परीक्षण गरी लगत कट्टा गर्ने कार्य स्थगित गरिएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र लेखापरीक्षण ऐन, २०७५ का केही प्रावधान एक अर्कामा बाझिएकोले दुई ऐनबीच तादात्म्यता कायम हुने तवरले परिमार्जन गर्न जरुरी देखिएको छ ।

ग) जनशक्ति व्यवस्था र सुविधा

महालेखापरीक्षकको कार्यालयको २०७४ को दरबन्दी ४४८ रहेकोमा २०७५ आषाढ र २०७८ भाद्रमा पुनरावलोकन भई कर्मचारी दरबन्दी संख्या ६४३ पुगेको छ। हाल कार्यालयमा ४ विभाग, १८ महानिर्देशनालय र ३५ निर्देशनालय रहेका छन्। कार्यालयको दरबन्दी र पदपूर्तिको तुलनात्मक अवस्था देहायअनुसार छः

क्र.सं.	पदको नाम	२०७४		२०८०	
		कुल दरबन्दी	पदपूर्ति	कुल दरबन्दी	पदपूर्ति
१.	उप-महालेखापरीक्षक	४	४	४	४
२.	नायब महालेखापरीक्षक	१४	१३	१८	१७
३.	निर्देशक	८६	८२	११३	११०
४.	लेखापरीक्षण अधिकारी	१६७	१५२	२५५	२०७
५.	लेखापरीक्षण अधीक्षक	८२	८२	१३०	९८
६.	अन्य कर्मचारीहरू	९५	५६	१२३	९२
	जम्मा	**४४८**	**३८९**	६४३	५२८

कार्यालयका कर्मचारीहरूलाई अन्य थप सुविधाको व्यवस्था छैन। कर्मचारीको व्यवस्थापन निजामती सेवा ऐन र नियमावलीअन्तर्गत भइरहेको छ। लेखापरीक्षण सेवा सञ्चालन नियमावलीको अभाव छ।

कार्यालयको जनशक्ति लेखा तथा लेखापरीक्षण विषयसँग सम्बन्धित मात्र रहेका, बहुसीपयुक्त नभएको, कर्मचारीको पेसागत क्षमता विकासका अवसरहरू न्यून रहेको छ। लेखापरीक्षणका लागि विषय विज्ञहरू (पूर्वाधार विज्ञ, स्वास्थ्य विज्ञ, अर्थशास्त्री, समाजशास्त्री, सूचना प्रविधि विज्ञ, इञ्जिनियर, प्रेस तथा सूचना विज्ञलगायत) आवश्यक देखिन्छ। कर्मचारी क्षमता विकासको लागि स्वदेश तथा विदेश प्रशिक्षण, अनुभव आदान प्रदान गर्ने र लेखापरीक्षकहरूले दबाब, प्रभाव र प्रलोभनबाट मुक्त रही आचारसंहिताको कडाइका साथ पालना गर्ने र प्रोत्साहन प्रणालीलाई पुनरावलोकन गरी निरन्तरता दिन कानूनी व्यवस्था गर्नुपर्ने देखिएको छ।

घ) कार्यबोझ

महालेखापरीक्षकको कार्यालयले विगत २०४८।४९ देखि २०७९।८० सम्मको लेखापरीक्षणको कार्यबोझ देहायमा उल्लेख गरिएको छः

(रू. लाखमा)

लेखापरीक्षण	२०४८।४९	२०६४।६५	२०६८।६९	२०७२।७३	२०७८।७९
कार्यालय संख्या	२८०० (करिब)	३३४२	४८०२	४५११	६५४६
लेखापरीक्षण अङ्क	१,२९,१५,८८	८,०५,४३,८३	१८,८४,६५,९५	३३,३९,७८,३५	७१,३८,२७,००
सरकारी कार्यालय	४४२३८०	२४२८०६८	७४२५९४३	१२,९५,४४,९२	३७,७३,०८
अन्य संस्था, समिति	८४९२०८	५६२६३१५	११०२०६५२	२०,४४,३३,४३	३३,६५,०९

आर्थिक वर्ष २०७२।७३ मा कार्यालयका ३६२ कर्मचारीबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाको रू.३३ खर्ब ३९ अर्ब ७८ करोडको लेखापरीक्षण गरिएकोमा आर्थिक वर्ष २०७८।७९मा कार्यालयका ५२५ कर्मचारीबाट सरकारी कार्यालय, समिति, अन्य संस्थासमेतको रू.७१ खर्ब ३८ अर्ब १७ करोडको लेखापरीक्षण गरिएको छ ।

ङ) भौतिक पूर्वाधार

मैले जिम्मेवारी सम्हाल्दा कार्यालयले प्रयोग गरिरहेको बबरमहलको मुख्य भवन २०७२ सालको भूकम्पको कारण प्रयोग योग्य नभएकोले विभिन्न स्थानमा भवन भाडामा लिई कार्यालय सञ्चालन भएको अवस्था थियो । कार्यालयका अधिकांश कर्मचारीलाई न्यूनतम भौतिक पूर्वाधारहरूको अभाव र सवारीसाधन न्यून संख्यामा रहेको, स्थान अभावका कारण धेरै कर्मचारी एकै ठाउँमा बसेर काम गर्नुपरेको परेको अवस्था थियो। हाल कार्यालयको भवन निर्माणको काम सम्पन्न भई कार्य सञ्चालन भइरहेको छ । कर्मचारीहरूका लागि आवश्यक पर्ने ल्यापटप, कम्प्यूटर, फर्निचर लगायतको व्यवस्था गरी कार्यवातावरणमा सुधार भएको छ ।

च) लेखापरीक्षणको पद्धति एवं गुणस्तर

कार्यालयले नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गर्दा जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरेको छ। यस प्रयोजनका लागि सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण निर्देशिका, खरिद लेखापरीक्षण मार्गदर्शन, प्रशासकीय खर्च लेखापरीक्षण मार्गदर्शन, आयोजना हिसाब लेखापरीक्षण मार्गदर्शन, राजस्व लेखापरीक्षण मार्गदर्शन, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, गुणस्तर पुनरावलोकन निर्देशिका जारी गरिएको छ। यी मानदण्ड, मार्गदर्शन अन्तर्राष्ट्रिय मानदण्ड (ईसाई) को आधारमा अद्यावधिक गरिएको छ ।

जोखिममा आधारित लेखापरीक्षण विधिको अवलम्वन गरी वार्षिक लेखापरीक्षण योजना, मन्त्रालयगत योजना र निकायगत योजना तयार गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण विधिमा सुधार गरी लेखापरीक्षण जोखिम मूल्याङ्कनका आधारमा कार्यालयहरूलाई वर्गीकरण गरी स्थलगत रूपमा एवं दूरलेखापरीक्षण विधि (Remote Audit) बाट लेखापरीक्षण गर्ने कार्यको थालनी भएको छ। लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गराउन विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System) लागू गरिएको छ। उक्त प्रणालीको प्रयोगसँगै कागजरहित

कार्यप्रणालीको शुरुवात भैइसकेको छ । कार्यमूलक तथा विशेष लेखापरीक्षण अन्तर्गत छनौट गरिएको विषयमा नागरिक सहभागिता (Citizen Participation) गराई लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ। लेखापरीक्षण सम्पन्न भैसके पश्चात् छनौटमा परेका फाइलको स्वतन्त्र टोलीबाट गुणस्तर पुनरावलोकन गर्ने र लेखापरीक्षणबाट देखिएका व्यहोराको अनुगमन गर्ने गरिएको छ।

यसैगरी सरकारी खर्चमा मूल्यको सार्थकता मूल्याङ्कन गर्न विकास निर्माण, सेवाप्रवाह, दिगो विकास, प्रकोप व्यवस्थापन, जनस्वास्थ्यका सरोकारका विषय, हिनामिना हानी नोक्सानी हुने सम्भावित क्षेत्र, राजस्व सङ्कलन, सूचना प्रविधि लगायतका विषयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएको छ। गुणस्तर नियन्त्रण र गुणस्तर आश्वस्तता प्रक्रियालाई मजबुत बनाउने र सबै मानदण्ड एवं निर्देशिकाको पूर्ण पालना गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय स्तरको बनाउनुपर्ने देखिन्छ।

छ) संस्थागत सम्बन्ध र सञ्चार

महालेखापरीक्षकको कार्यालय र नियामक निकायहरू बिच लेखापरीक्षण व्यवस्थापन लगायत विषयहरूमा छलफल, अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ।

लेखापरीक्षण नतिजाको प्रभाव अभिवृद्धिको लागि सरोकारवालासँगको सम्बन्ध महत्वपूर्ण हुन्छ। यस तथ्यलाई मध्यनजर गरी व्यवस्थापिका-संसदका समितिहरू, सार्वजनिक लेखा समितिका सदस्यहरू, सरकारी कार्यालय, नेपाल सरकारका उच्च पदाधिकारीहरूसँग नियमित अन्तरक्रिया गर्ने गरिएको छ। सबै लेखापरीक्षण नतिजालाई पारदर्शी तवरले सम्प्रेषण गर्न वेबसाइटमार्फत सार्वजनिकीकरण गर्ने र सञ्चार माध्यमसँग सम्पर्कमा रही निरन्तर सूचना प्रवाह गरी जनस्तरसम्म जानकारी हुने गरी कार्य व्यवस्थापन गरिएको छ।

सरकारी कार्यालयहरू, सार्वजनिक लेखा समितिलगायतका संसदीय समितिहरू, व्यावसायिक पेशागत संघ संस्था, स्थानीय तहका पदाधिकारी, निजी क्षेत्र, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तरक्रिया गर्दै वित्तीय अनुशासनको पालना गर्न, गराउन आवश्यक समन्वय र सहकार्य गर्न

गरिएको छ । त्यसैगरी लेखापरीक्षण योजना कार्यान्वयनको नियमित अनुगमन, वित्तीय व्यवस्थापन सम्बन्धमा आमरूपमा शिक्षा, तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ। सञ्चार रणनीतिको कार्यान्वयन, प्रेस नोट, बूकलेट, ब्रोसर, बुलेटिन, लेखापरीक्षण पत्रिका प्रकाशन, डिस्प्ले बोर्ड मार्फत् लेखापरीक्षण नतिजाको जानकारी गराउने गरिएको छ।

परिच्छेद - तीन

कार्ययोजना कार्यान्वयन

३.१ कार्ययोजना

आन्तरिक र बाह्य वातावरणको विश्लेषण पश्चात् कार्यालयको स्वतन्त्रता, कार्यालयले सम्पादन गर्ने लेखापरीक्षणको विधि प्रक्रिया, आन्तरिक नियन्त्रण र सुशासन, भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, सरोकारवालासँगको सम्बन्ध जस्ता विशेष सुधारका क्षेत्र पहिचान गरी ६ वर्षे कार्ययोजनामा समावेश गरिएको थियो । कार्ययोजना तयार गर्दा वित्तीय क्षेत्रमा भएका विभिन्न अध्ययन, अनुसन्धान, महालेखापरीक्षकका विगतका प्रतिवेदन तथा रणनीतिक योजनाहरू र अन्य सर्वोच्च लेखापरीक्षण संस्थाहरूबाट भएको समकक्षी पुनरावलोकनबाट प्राप्त सुझावहरूलाई समेत ध्यान दिई देहायका विषय समेटी कार्ययोजना तयार गरिएको थियोः

१. संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार,
२. नीतिगत तथा कानूनी सुधार,
३. लेखापरीक्षण प्रक्रियामा सुधार,
४. लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार,
५. वित्तीय अनुशासन तथा जवाफदेहिता,
६. संस्थागत सम्बन्ध र सञ्चार ।

कार्ययोजना कार्यान्वयनको अवस्था विश्लेषण गर्दा कार्ययोजनामा उल्लेखित र सो अन्तर्गत रहेका विषयहरूलाई मध्यनजर गरिएको छ । कार्ययोजनामा उल्लेखित कुल ११० क्रियाकलाप मध्ये ६३ कार्यान्वयन भएको, ३७ आंशिक कार्यान्वयन भएको र १० कार्यान्वयन गर्न बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१ मा रहेको छ ।

कार्ययोजना कार्यान्वयन अवस्थाको विश्लेषण गर्दा देखिएका व्यहोरा निम्नानुसार छः

३.२ संगठनात्मक व्यवस्था र कार्य प्रणाली सुधार

क) संगठन संरचना

- संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गरी प्राप्त सुझावका आधारमा संविधान तथा प्रचलित कानूनबमोजिम सङ्घीयताको संरचनाअनुसार प्रदेशस्तरमा समेत कार्यालय खोल्ने गरी नयाँ संगठन संरचनासहित व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिका लागि नेपाल सरकारसमक्ष पेस भएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५।३।३२ को निर्णयानुसार साविकको ४४८ कुल दरबन्दी संख्यालाई ६१४ पुऱ्याइएको थियो । कार्यालयको बढ्दो कार्यचापलाई मध्यनजर गर्दै पुनः नयाँ व्यवस्थापन तथा सर्वेक्षण गरी स्वीकृतिका लागि पेस भएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७८।५।३ को निर्णयबाट साविकको ६१४ कुल दरबन्दीबाट ६४३ कायम गरी उक्त दरबन्दीमा ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी, १३० लेखापरीक्षण अधीक्षक तथा १६ लेखापरीक्षण निरीक्षक र १०७ अन्य कर्मचारीको दबन्दी कायम भएको छ। उप-महालेखापरीक्षकको नेतृत्वमा ४ लेखापरीक्षण विभाग, नायब महालेखापरीक्षकको नेतृत्वमा ७ प्रादेशिक सहित १८ लेखापरीक्षण महानिर्देशनालय र केन्द्रीय सचिवालय सहित ३५ निर्देशनालयमा कर्मचारीको पदस्थापना गरी संघ, प्रदेश र स्थानीयतहको लेखापरीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।



- अनामनगरस्थित अडिट भवनलाई केन्द्रीय कार्यालयको रूपमा प्रयोग गरिएको र सातै प्रदेशमा प्रदेशस्तरको लागि दरबन्दी सिर्जना गरी कार्यालय स्थापना गर्ने क्रममा रहेकोले कार्यालय स्थापना नहुन्जेल प्रदेश महानिर्देशनालयहरूबाट कार्य भइरहेको अवस्था छ।

- सूचना प्रविधिसँग सम्बन्धित विषयलाई थप व्यवस्थित गर्न सूचना प्रविधि व्यवस्थापन निर्देशनालय, महालेखापरीक्षकको सचिवालयसहित संस्थागत सम्बन्ध र सञ्चार निर्देशनालयबाट कार्य सञ्चालन भइरहेको, नीति योजना जनशक्ति विकास र अन्तर्राष्ट्रिय सम्बन्धसहित छुट्टै महानिर्देशनालय र सो अन्तर्गतको निर्देशनालय स्थापना गरी कार्यान्वयनमा रहेको छ। लेखापरीक्षण तथा अन्य प्रशासनिक कार्यको लागि महालेखापरीक्षकबाट विभिन्न तहमा अधिकार प्रत्यायोजन गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

- महालेखा परीक्षकको कार्यालय अन्तर्गत करिब ३०० जना अट्ने सुविधा सम्पन्न तालिम हल र १२५ जना क्षमताको आधुनिक बैठक कक्ष व्यवस्था गरिएको छ।

- लेखापरीक्षण प्रतिवेदनको गुणस्तर आश्वस्तता मापन तथा लेखापरीक्षण कार्यको नियमित अनुगमनका लागि गुणस्तर आश्वस्तता र लेखापरीक्षण अनुगमन निर्देशनालयले कार्य गरिरहेको छ । बेरूजू सम्परीक्षण प्रगति सम्बन्धमा मासिक रुपमा समीक्षा गर्ने गरिएको छ ।

- लेखापरीक्षण प्रतिवेदन जारी पूर्व गुणस्तर नियन्त्रण पुनरावलोकन आश्वस्तता र लेखापरीक्षण प्रतिवेदन जारी पश्चात् गुणस्तर पुनरावलोकन आश्वस्तता गर्ने गरिएको छ । महालेखापरीक्षकको संयोजकत्वमा गठित केन्द्रीय समन्वय एकाइ मार्फत प्रशासनिक व्यवस्था तथा लेखापरीक्षणका क्रममा देखा परेका समस्या उपर निर्णय गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

- आर्थिक कारोबारको प्रकार, क्षेत्र, तरिका र जोखिमको स्तरअनुसार वार्षिक तथा एकाइगत योजना स्वीकृत गरी जोखिमको आधारमा कार्यालयलाई वर्गीकरण गरी लेखापरीक्षण गर्ने कार्य अवलम्बन गरिएको छ । कर्मचारीको विषय विज्ञता, पेशागत क्षमता, अनुभव समेतका आधारमा कार्य जिम्मेवारी प्रदान गरी लेखापरीक्षणमा प्रभावकारिता ल्याउने कार्य भइरहेको छ ।

लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय र समयानुकूल बनाउन विभिन्न क्षेत्रका विज्ञहरूलाई परामर्शदाताको रूपमा नियुक्त गरी लेखापरीक्षणमा संलग्न गराउने गरिएको छ।

ख) भौतिक पूर्वाधार

- स्रोत साधन व्यवस्थापन सर्वेक्षण समिति गठन गरी समितिको सिफारिस बमोजिम स्रोत साधन व्यवस्थापनको कार्य निरन्तर रूपमा भइरहेको छ।
- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७४।८।१८ मा काठमाडौं अनामनगरस्थित ९ तलाको कार्यालय भवनको शिलान्यास र निर्माण सम्पन्न पश्चात मिति २०७८।८।९ मा समुद्घाटन भएको छ । लिफ्ट सुविधा सहितको भवनमा २ तल्ला अण्डरग्राउण्ड पार्किङ्गका अलावा बैठक कक्ष, पुस्तकालय, क्यान्टिन, तालिम हल लगायतका सुविधा रहेका छन् । नवनिर्मित भवनमा लिफ्ट सुविधाका कारण कार्यकक्षहरूमा पहुँचका लागि सहजता भएको छ ।

महालेखापरीक्षकको कार्यालय भवन



- यस अवधिमा १७ वटा चार पाङ्ग्रे सवारी साधन थप भई ४६ पुगेको छ। दुई पाङ्ग्रे सवारी साधन ८३ थप भई १०४ पुगेको छ। लेखापरीक्षण कार्यलाई सूचना प्रविधिमैत्री बनाउनको लागि लेखापरीक्षणमा संलग्न रहने कर्मचारीहरूलाई थप ४९५ थान ल्यापटप खरिद गरी उपलब्ध गराइएको छ। कार्यालयमा आवश्यकताअनुसार फर्निचर, ल्यापटप, प्रिन्टरलगायतका सामग्रीको व्यवस्था गरिएको छ।

- महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण कार्यअन्तर्गत नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) प्रयोगमा ल्याइएको तथा उक्त प्रणालीलाई थप प्रभावकारी बनाउनको लागि आफ्नै सर्भर खरिद गरिएकोमा सो सर्भरलाई सिंहदरबारस्थित राष्ट्रिय सूचना प्रविधि केन्द्रमा जडान गरी सञ्चालनमा ल्याइएको छ। महत्वपूर्ण सूचना तथा जानकारीको लागि कार्यालयमा डिजिटल डिस्प्ले बोर्ड राखिएको, वेबसाइटलाई अद्यावधिक गरी सञ्चालनमा ल्याइएको तथा बैठक कक्षलाई व्यवस्थित गरिएको छ। साथै सबै विभाग, महानिर्देशनालय, निर्देशनालय तथा कर्मचारीहरूलाई शीघ्र र सहज रूपमा विद्युतीय माध्यममार्फत सूचना, निर्देशन तथा परिपत्र गर्ने गरिएको छ।

- सङ्घीय मन्त्रालयहरूमा लेखापरीक्षण कक्ष स्थापना गर्न अनुरोध गरिएकोमा केही मन्त्रालयमा लेखापरीक्षण कार्यकक्ष स्थापना भएको छ ।प्रत्येक जिल्लामा डोर कार्यालय स्थापना गरी लेखापरीक्षणको काममा समन्वय तथा सहजीकरण गर्ने गरिएको छ।

ग) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

- स्वीकृत संगठन संरचनाअनुसार कार्यालयको कुल दरबन्दी संख्या ६४३ पुऱ्याइएको, जसमा ४ उपमहालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी, १३० लेखापरीक्षण अधीक्षक र कम्प्युटर अपरेटर तथा १६ लेखापरीक्षण निरीक्षक र सहायक कम्प्युटर अपरेटर तथा अन्य विभिन्न कर्मचारीहरूको व्यवस्था गरिएको छ। कर्मचारीहरूको पेशागत दक्षता अभिवृद्धिका लागि अनवरत शिक्षा तालिम, विषय क्षेत्रगत तालिम, सेवा प्रवेश तथा सेवाकालीन तालिम, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, सेमिनार, गोष्ठी आदि सञ्चालन गर्ने गरिएको छ । यस

अवधिमा रिक्त भएका पदहरूमा पदपूर्ति गर्ने क्रममा उपमहालेखापरीक्षक ५, नायब महालेखापरीक्षक २३, निर्देशक ९०, लेखापरीक्षण अधिकारी १३८, लेखापरीक्षण अधीक्षक ११६ र अन्य २१ समेत ३९३ कर्मचारी लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवाको माध्यमबाट पदपूर्ति भएको छ।

- लेखापरीक्षण सेवाका कर्मचारीको सेवा सञ्चालन मस्यौदा तर्जुमा गर्न २०७६।१।२३ मा एक समिति गठन गरी सोसमितिको सिफारिसका आधारमा नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ जारी गरिएको छ।उक्त नियममा सेवामा रहने पद, आवश्यक शैक्षिक योग्यता, कर्मचारीको कार्यविवरणलगायतका विषय समेटिएको छ ।
- लेखापरीक्षण कार्यका लागि आवश्यकतानुसार पूर्वाधार, स्वास्थ्य, कार्यमूलक लेखापरीक्षण, सार्वजनिक खरिद लगायतका क्षेत्रका विषयविज्ञको परामर्श सेवा लिने गरिएको छ।
- पेशाविद् कर्मचारीको लागि वृत्ति विकास तथा विशेष सुविधाको व्यवस्था गरिएको छ। विषयगत क्षेत्रमा पेशाविद् कर्मचारीहरूलाई संलग्न गराउने गरिएको छ ।
- भुटानको सर्वोच्च लेखापरीक्षण संस्था रोयल अडिट अथोरिटी र मलेसियाको सर्वोच्च लेखापरीक्षण संस्था नेशनल अडिट विभागका विज्ञ प्रशिक्षकको सहभागितामा Twinning Training कार्यक्रम सञ्चालन गरिएको छ ।
- कर्मचारीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका तालिम तथा प्रशिक्षण कार्यक्रममा सहभागिता गराउने कार्यलाई निरन्तरता दिइएको र यस अवधिमा स्वदेशी तालिम, गोष्ठी तथा सेमिनारमा ५५८ जना र वैदेशिक तालिम, गोष्ठी तथा सेमिनारमा ३०२ जना कर्मचारीको सहभागिता भएको छ।
- कार्यालयबाट प्रदान गरिने तालिम/प्रशिक्षणलाई उपयोगी बनाउन आवश्कतानुसार विषय क्षेत्रगत तालिममा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई प्रशिक्षकको रूपमा सहभागी गराउने गरिएको साथै NAMS प्रणाली सम्बन्धी तालिम प्रदान गरिएको छ । अनवरत पेशागत शिक्षाका लागि बहुआयामिक ज्ञान प्राप्त हुने गरी पाठ्यक्रम तर्जुमा गरिएको छ ।

- कर्मचारीलाई लामो अवधिको अध्ययनको लागि चीन सरकारको सहयोगमा ६ जना, जापान सरकारको सहयोगमा २ जना, दक्षिण कोरिया सरकारको सहयोगमा १ जना समेत ९ जना कर्मचारी विदेशी विश्वविद्यालयबाट सार्वजनिक प्रशासन तथा लेखापरीक्षण विषयमा स्नातकोत्तर उपाबधि हासिल गरी कार्यालयमा कार्यरत रहेका छन्।

- लेखापरीक्षण कार्यलाई व्यवस्थित छिटो, छरितो तथा विश्वसनीय बनाउन दाताको सहयोगमा तथ्याङ्क विश्लेषण गर्ने प्रयोजनार्थ १८ वटा IDEA सफ्टवेयर प्राप्त भएको छ ।

- कर्मचारीहरूलाई कार्यसम्पादनमा हौसला प्रदान गरी उत्प्रेरित गर्न पुरस्कार प्रणालीमा विशेष जोड दिएको छ। कार्यालयको वार्षिकोत्सवको अवसरमा सर्वोत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्दा, निजामती सेवा पुरस्कार र संविधान दिवसको अवसरमा प्रदान गरिने विभूषण तथा पदकका लागि सिफारिस गर्दा लेखापरीक्षणको गुणस्तरलाई समेत छनौटको आधार बनाउने गरिएको छ। यस अवधिमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र उपमहालेखापरीक्षक लगायत ८ कर्मचारीलाई विभिन्न विभूषण तथा पदक प्राप्त भएको छ । त्यस्तै ६ जना कर्मचारीलाई उत्कृष्ट/निजामती पुरस्कार प्राप्त भएको छ । साथै ५ वटा वार्षिकोत्सवको अवसरमा सर्वोत्कृष्ट कार्यसम्पादन गर्ने ३४ जना कर्मचारीलाई कार्यालयले पुरस्कार प्रदान गरेको छ भने 'सङ्घीय शासन प्रणालीमा महालेखापरीक्षकको भूमिका' विषयक राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा ३ जना कर्मचारीहरूलाई पुरस्कृत गरिएको छ।

घ) कर्मचारी सुविधा र सम्बन्ध

- यस अवधिमा सम्माननीय राष्ट्रपतिज्यूबाट महालेखापरीक्षक र ६ जना कर्मचारी विभूषित हुनुभएको छ। त्यसैगरी ५ जना कर्मचारीलाई निजामती सेवा पुरस्कार प्राप्त भएको छ भने लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधि तयार गरी उत्कृष्ट कार्य गर्ने ३४ जना कर्मचारीलाई पुरस्कृत गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली)NAMS) कार्यान्वयन गराउनमा महत्वपूर्ण भूमिका निभाउने ९ जना कर्मचारीलाई समेत पुरस्कृत

गरिएको छ। कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गर्न नेपाल सरकारसँग अनुरोध गरिएकोमा उक्त प्रणाली लागू भएको छैन।

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताका आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासको लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिइएको छ। महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण योजना, उप-महालेखापरीक्षकबाट मन्त्रालयगत लेखापरीक्षण योजना र नायब महालेखापरीक्षकबाट कार्यालयगत लेखापरीक्षण योजना स्वीकृत गरी लेखापरीक्षण कार्य गर्ने व्यवस्था मिलाइएको छ।
- कर्मचारीहरूको सुविधाका लागि कर्मचारी कल्याण कोष सञ्चालनमा ल्याउने कार्य हुन सकेको छैन ।
- स्थलगत लेखापरीक्षणको क्रममा प्रदान गरिने परिवहन तथा सञ्चार सुविधालाई समयानुकूल परिमार्जन गरिएको छ।
- कर्मचारीहरूबीच आपसी सहयोग र सद्भावको भावना सिर्जना गर्न नियमित बैठक, छलफल, अन्तरक्रिया तथा कार्यालयको वार्षिकोत्सवको समयमा विभिन्न प्रतियोगितात्मक तथा रचनात्मक कार्यक्रम आयोजना गर्ने गरिएको छ ।
- आचारसंहिता अनुगमन तथा गुनासो सुनुवाइ समितिको व्यवस्था गरी कर्मचारीको गुनासो सम्बोधन गर्ने गरिएको छ। लेखापरीक्षण कार्यमा खटिने कर्मचारीका क्रियाकलाप, व्यवहार तथा कार्यलाई तोकिएको मापदण्डभित्र राखी लेखापरीक्षणलाई थप विश्वसनीय बनाउन तथा सेवाग्राहीहरूको विश्वास आर्जन गर्नको लागि उपमहालेखापरीक्षकको संयोजकत्वमा गठित आचारसंहिता अनुगमन तथा गुनासो सुनुवाइ समिति मार्फत कार्यसम्पादन हुँदै आएको छ।
- आधिकारिक ट्रेड युनियन लगायतका ट्रेड युनियनहरूले उठाएका कर्मचारीहरूको हित तथा वृत्ति विकाससँग सम्बन्धित जायज मागहरूको उचित ढङ्गले सम्बोधन गर्ने गरिएको छ।

- व्यवस्थापन र ट्रेडयुनियनबिचको सम्बन्ध सुमधुर राखी स्वस्थ कार्यवातावरण तथा कार्य संस्कृतिको विकास गर्न रचनात्मक कार्यमा ट्रेडयुनियनका प्रतिनिधिहरूलाई सहभागी गराउने गरिएको छ ।

- कर्मचारीहरूमा समयपालना र नियमितता तथा कार्यालय आवतजावतमा सहजताका लागि उपत्यका भित्रका विभिन्न रुटहरूमा ५ वटा बस भाडामा लिई सञ्चालन गरिएको छ। कार्यालयमा तोकिएको पोशाक र परिचयपत्र लगाउनु पर्ने व्यवस्था अनिवार्य गरिएको छ ।

- कर्मचारीहरूको नवीन सोच, सिर्जनशीलता तथा नयाँ अवधारणा जस्ता व्यक्तिगत क्षमता उपयोगमा ल्याउन लेखापरीक्षण पत्रिका तथा लेखापरीक्षण बुलेटिनमा लेख रचनाहरू प्रकाशन गर्ने गरिएको, अन्य निकायबाट अनुरोध भइआएमा प्रशिक्षकको रूपमा सहभागी गराउने गरिएको, राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम तथा सेमिनार/गोष्ठीमा प्रत्यक्ष वा भर्चुअलमाध्यमबाट सहभागी गराउने गरिएको छ ।

- कर्मचारीको अनुशासन, पदीय आचरण र लेखापरीक्षकको आचारसंहिता पालनाको अनुगमनका लागि उपमहालेखापरीक्षकको संयोजकत्वमा आचारसंहिता अनुगमन समिति गठन गरी नियमित अनुगमन गर्ने गरिएको छ। प्रत्येक चरणको स्थलगत लेखापरीक्षणमा खटिनु पूर्व अनिवार्य रूपमा कर्मचारीहरूलाई लेखापरीक्षणको प्रकृया, लेखापरीक्षणको क्रममा सरोकारपक्षसँगको समन्वय र सहकार्य तथा जोखिमका क्षेत्रहरू, आइपर्न सक्ने चुनौतीहरूको सन्दर्भमा उत्प्रेरणा र मनोबल सहितको निर्देशनहरू दिने गरिएको छ। लेखापरीक्षण पूर्वको निरन्तर पेशागत शिक्षा कार्यक्रम तथा अन्य क्षेत्रगत तालिमको माध्यमबाट कर्मचारीहरूलाई लेखापरीक्षणको पेशागत क्षमता विकास कार्यक्रमको समयमा कर्मचारीहरूलाई उत्प्रेरित गर्ने गरिएको छ। स्थलगत लेखापरीक्षणको क्रममा खटिएका कर्मचारीहरूसँग निरन्तर सञ्चार सम्बन्ध कायम गरी सहज कार्य वातावरण निर्माण भएको छ।

ङ) कार्यप्रणालीमा सुधार

- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण कार्य सम्पन्नपश्चात् देखिएका व्यहोरा र प्रमुख विषयहरू उपर जिम्मेवार पदाधिकारी तथा केन्द्रीयस्तरमा

लेखा उत्तरदायी अधिकृतहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ। लेखापरीक्षण गरिने निकायको संख्या, निकायको कारोबारको प्रकृति तथा बजेटको आकार, कारोबारमा जोखिम, कार्यबोझ, कार्यालयको जनशक्ति तथा क्षमता समेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिको लागि निरन्तर अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर आश्वस्तताको लागि समिति बनाई लेखापरीक्षणको गुणस्तरमा विशेष जोड दिइएको छ। सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरूसँग नियमित अन्तरक्रिया तथा छलफल गरी गुणस्तर अभिवृद्धिमा जोड दिइएको छ। कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी र सम्प्रेषण तथा त्यसको बहस पैरवी कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइएको छ।

- आन्तरिक कार्यसञ्चालन अन्तर्गत दर्ता तथा चलानी कार्यलाई स्वचालित प्रणाली (Office automation system) आबद्ध गरिएको छ ।कार्यालयको गतिविधि जानकारी गराउने उद्देश्यले कार्यालय भवनमा डिजिटल डिस्प्ले राखिएको छ। महालेखापरीक्षकको प्रथमदेखि २०५६ सालसम्मका ३४ वटा वार्षिक प्रतिवेदनलाई डिजिटल रूपमा अभिलेखीकरण गरिएको छ। वाह्य जगतमा लेखापरीक्षण प्रतिवेदनको पहुँचलाई विस्तार गर्ने हेतुले मुख्य व्यहोरा तथा सारांशलाई अंग्रेजीमा अनुवाद गरी वेबसाइटमा राख्ने गरिएको छ। साठिऔं वार्षिक प्रतिवेदन तथा प्रदेश प्रतिवेदनहरूलाई बोधगम्य बनाउन चित्रात्मक जानकारी पुस्तिका (Infographics) बनाई प्रकाशन गरिएको छ।
- कार्यालयको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन कार्यालयका पेशाविद् तथा अनुभवी कर्मचारीहरूबाट आन्तरिक लेखापरीक्षण गराउने गरिएको छ भने आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा तत्काल कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।
- वार्षिक लेखापरीक्षण योजना अनुसार लेखापरीक्षणको क्षेत्र तरिका र अवधि निर्धारण गरी प्रत्येक तहबाट गरिने कार्यको स्पष्टता गरिएको छ। सम्परीक्षण कार्य सम्पादनका लागि तहअनुसार रकमगत सीमा निर्धारण गरिएको छ।

प्रशासनिक कार्यमा अधिकार प्रत्यायोजन गरी कार्य फर्स्यौंट गर्ने व्यवस्था मिलाइएको छ।

- महालेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण योजना तथा वार्षिक कार्यतालिका स्वीकृत गरी सङ्घीय सरकारको हकमा नेपाल सरकारका मुख्य सचिव मार्फत र प्रदेश सरकारको हकमा प्रदेश प्रमुख सचिवमार्फत सबै निकायहरूलाई जानकारी गराउने गरिएको र वार्षिक कार्यतालिका वेबसाइट मार्फत सार्वजनिकीकरण गर्ने गरिएको छ ।
- लेखापरीक्षण बक्यौता रहेका कार्यालयहरूको लेखापरीक्षण चालु वर्षको लेखापरीक्षणमा सम्पन्न गर्ने तथा लेखापरीक्षण गरिदिन अनुरोध भई आएका बखत छुट्टै टोली खटाई लेखापरीक्षण गर्ने गरिएको छ ।
- दातृ निकायको सहयोगमा संचालित आयोजनाहरूको समयमा लेखापरीक्षण गर्न प्राथमिकता दिइएको छ । आधारयोग्य प्रमाण सहित आयोजना हिसाब प्रमाणीकरणका लागि अनुरोध भई आएमा १५ दिनभित्र आयोजना हिसाब प्रमाणीकरण गरी रायसहितको प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाइएको छ।
- जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरिएकोले लेखापरीक्षण शुरू हुनु अगावै कार्यालयगत लेखापरीक्षण योजना स्वीकृत गरिने भएकोले योजना तर्जुमा गर्दा नै लेखापरीक्षण गरिने निकायको जानकारी हासिल गरी जोखिम मूल्याङ्कन गरी लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र परीक्षण गरिने विषयका बारेमा लेखापरीक्षण टोलीले आवश्यक जानकारी हासिल गर्ने व्यवस्था मिलाइएको छ ।
- सार्वजनिक निकायहरूबाट सम्परीक्षणका लागि अनुरोध भई आएमा असुल तथा प्रमाण कागजातको परीक्षण गरी सम्परीक्षण भएको तथा हुन नसकेकोमा कारण सहित जानकारी दिने व्यवस्था मिलाइएको छ ।
- जिल्ला तहमा लेखापरीक्षण डोर खटिनु अघि सार्वजनिक सूचना जारी गरी लेखापरीक्षण टोलीलाई सूचना जानकारी दिन अनुरोध गर्ने गरिएको, लेखापरीक्षण टोलीले लेखापरीक्षण डोरमुकाम खडा गरी सूचना टाँस गर्नु पर्ने, एकीकृत डोर खटिएको अवस्थामा जिल्लास्तरका सबै कार्यालयप्रमुखहरूसँग

संयुक्त प्रवेश बैठक आयोजना गर्नुपर्ने साथै नागरिक समाजका प्रतिनिधि, मिडिया तथा सरोकारवालाहरूसँग छलफल गर्ने व्यवस्था गरिएको छ।

- लेखापरीक्षणबाट देखिएका व्यहोरा सम्बन्धमा बहिर्गमन बैठक हुनुभन्दा अगावै मस्यौदा प्रतिवेदन उपलब्ध गराइने, बहिर्गमन बैठकमा बेरूजुको दफागत छलफल गर्ने, लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३५ दिनभित्र प्राप्त जवाफ, प्रमाणको आधारमा बेरूजू सम्परीक्षण गर्ने, उल्लेखनीय व्यहोराका सम्बन्धमा तालुक निकाय तथा लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराउने, छलफल गर्ने व्यवस्था अवलम्बन गरिएको छ।

- स्थलगत लेखापरीक्षण टोलीको नियमित अनुगमन गर्ने, लेखापरीक्षण सम्पन्न गरिसकेपछि भ्रमण प्रतिवेदन पेस गर्नु पर्ने, लेखापरीक्षणबाट देखिएका महत्वपूर्ण विषयहरू महालेखापरीक्षकको समुपस्थितिमा प्रस्तुतीकरण गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

- लेखापरीक्षणबाट देखिएका कैफियतहरू तत्काल फस्यौंट गर्न गराउन लेखापरीक्षणकै क्रममा छलफल, अन्तरक्रिया गर्ने, प्रमाण पेस गर्न लगाउने र उल्लेखनीय बेरूजुमात्र प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाइएको छ।

- लेखापरीक्षणको समयमा प्रमाण पेस नभएको वा फस्यौंट हुन नसकेका बेरूजूहरू प्रतिवेदनमा समावेश गरी तालुक निकायलाई बोधार्थ प्रति उपलब्ध गराउने, महत्वपूर्ण विषयका सम्बन्धमा लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराउने व्यवस्था अवलम्वन गरिएको छ ।

- लेखापरीक्षण तथा सम्परीक्षण सम्बन्धी कार्य तत्काल सम्बोधन गर्न लेखापरीक्षण र सम्परीक्षण सम्बन्धी कार्य गर्न समयसीमा निर्धारण गर्न कार्यादेश दिने गरिएको छ ।

- लेखाउत्तरदायी अधिकृतहरूसँगको छलफल तथा अन्तरक्रियामा प्राप्त सुझाव, लेखापरीक्षणको क्रममा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा लेखापरीक्षण व्यवस्थापन तथा आन्तरिक कार्यप्रणालीमा सुधार गर्ने गरिएको छ ।

- लेखापरीक्षण तथा सम्परीक्षण कार्यपद्धतिमा सुधार ल्याउन मानदण्ड तथा निर्देशिका जारी गरिएको, लेखापरीक्षणमा खटिनुअघि महालेखापरीक्षकबाट सबै

लेखापरीक्षकहरूलाई निर्देशन दिने, लेखापरीक्षणका समयमा देखिएका समस्या समाधान गर्न तत्काल आवश्यक निर्णय गर्ने गरिएको छ । सम्परीक्षणमा एकरूपता कायम गर्न सम्परीक्षण निर्देशिका र सार्वजनिक संस्थानको लेखापरीक्षक नियुक्ति सम्बन्धी निर्देशिका जारी गरिएको छ ।

३.३ लेखा, लेखापरीक्षणसम्बन्धी नीतिगत तथा कानूनी सुधार

- प्रदेश तथा स्थानीय तहका संरचनामा समेत अनुकूल हुने गरी महालेखा नियन्त्रक कार्यालयले संशोधन तथा परिमार्जन गरी अर्थ मन्त्रालय मार्फत पेस गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदनको ढाँचा (म.ले.प.फा.नं. २१०(क) तथा म.ले.प.फा.नं. २१०(ख) महालेखापरीक्षकबाट क्रमशः मिति २०७५ कार्तिक ५ र मिति २०७५ मार्ग ९ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ। एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ लाई २०७६ ज्येष्ठ र २०७९ चैत्रमा संशोधन गरिएको छ।

  नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरूप संघ, प्रदेश र स्थानीय तह तीन वटै सरकारका विद्यमान लेखा र प्रतिवेदन ढाँचामा संशोधन, परिमार्जन र थप समेत गरी महालेखा नियन्त्रक कार्यालयले पेस गरेका १४१ वटा लेखा ढाँचाहरू २०७६ ज्येष्ठ १९ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ।

- लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा जारी भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standard, NGAS) महालेखापरीक्षकबाट स्वीकृत भई २०७७ श्रावण १ देखि कार्यान्वयनमा आएको छ।

- नेपालको संविधानअनुसार लेखापरीक्षण कानूनलाई समयानुकूल बनाउन लेखापरीक्षण ऐन, २०७५ सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई मिति २०७५ चैत्र १५ गते राजपत्रमा प्रकाशित भएको छ। उक्त ऐनबाट लेखापरीक्षणका नीतिगत र सैद्धान्तिक विषयहरूमा थप कानूनी स्पष्टता तथा व्यवस्था भएको छ।

- लेखापरीक्षण ऐनमा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय, वित्तीय लेखापरीक्षणका अतिरिक्त छनौटको आधारमा सूचना प्रविधि, कार्यमूलक, लैंङ्गिक, विधि विज्ञान, वातावरणजस्ता विविध विषयको लेखापरीक्षण गर्ने व्यवस्था छ। त्यस्तै, ऐनले सामयिक लेखापरीक्षण, अनुदान तथा सहायताको लेखापरीक्षणको सम्बन्धमा उल्लेख पार्दै लेखापरीक्षण गर्ने विषयमा थप स्पष्ट गरेको छ। उक्त ऐन अनुसार नियमावली तर्जुमा गर्ने कार्य बाँकी रहेको छ।
- नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको छ। नियमावलीले सेवामा रहने पद तथा सो पदका लागि आवश्यक न्यूनतम योग्यताका बारेमा स्पष्ट गरेको छ।
- लेखापरीक्षणका माध्यमबाट सार्वजनिक निकायका पदाधिकारीहरूको वित्तीय जवाफदेहिता अभिवृद्धि गर्न प्रतिवेदन मार्फत सुझावहरू प्रेषित गरिएको छ।
- लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, संगठनात्मक सुधारलगायतका विषयसँग सम्बन्धित क्रियाकलापहरू समावेश गरी तयार गरिएको महालेखापरीक्षकको कार्ययोजना अनुसार कार्य गर्ने व्यवस्था मिलाइएको छ।
- स्थानीय तहको लेखापरीक्षण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय तहको लेखापरीक्षण सम्बन्धी निर्देशिका, २०७६ जारी गरिएको छ।
- साविकको बेरुजु वर्गीकरण निर्देशिकालाई परिमार्जन गरी बेरुजु वर्गीकरण निर्देशिका, २०७६ जारी गरिएको छ।
- महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजनामार्फत् अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूल हुने गरी विषयगत लेखापरीक्षण मार्गदर्शन र मानदण्डहरू अद्यावधिक तथा परिमार्जन गरी २०८० वैशाख १३ मा स्वीकृत भएका छन् ।

३.४ लेखापरीक्षण प्रक्रियामा सुधार

- श्रावण १६, २०७७ को महालेखापरीक्षकको निर्णय अनुसार सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) को लेखापरीक्षण मानमा आधारित रही नेपाल सरकारी लेखापरीक्षण मानदण्ड लागू गरिएको छ। उक्त व्यवस्था बमोजिम सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय

संगठनबाट जारी आचार संहिता लेखापरीक्षण मानदण्ड १३० लाई नै कार्यालयले अपनाएको छ। आचारसंहिता पालनाको अनुगमन गर्न उप-महालेखापरीक्षकको संयोजकत्वमा अनुशासन अनुगमन समिति गठन भई क्रियाशील रहेको छ। स्वीकृत सरकारी लेखापरीक्षणमान कार्यान्वयन गर्न विभिन्न विषय क्षेत्रगत निर्देशिका, म्यानुअल र गाइडलाइनहरू तर्जुमा गरिएको छ।

- नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System-NAMS) नामक विद्युतीय प्रणाली प्रयोग गरी २०७७।७८, २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ। उक्त प्रणालीलाई वित्तीय लेखापरीक्षणका अतिरिक्त कार्यमूलक लेखापरीक्षण र संगठित संस्थाहरूको लेखापरीक्षणमा समेत प्रयोग गर्ने गरी कार्य प्रणाली सुधारको भइरहेको छ।

- लेखापरीक्षण गरिने सरकारी निकायहरूले प्रयोग गरेका एकल कोष खाता (Treasury Single Account TSA), कम्प्युटरीकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System-CGAS), राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System-RMIS) लगायतका सूचना प्रणालीमा लेखापरीक्षकको पहुँच स्थापना गरिएको छ। त्यस्ता प्रणालीमा हुने पहुँचबाट प्राप्त हुने सूचना विवरणलाई निकाय वा कार्यालयको जोखिम स्तर निर्धारण गर्न, लेखापरीक्षणको योजना तयार गर्ने लगायत लेखापरीक्षणका विभिन्न चरणहरूमा आवश्यकताअनुसार उपयोग गर्ने गरिएको छ।

- सबै मन्त्रालय र केन्द्रीय निकायहरूले नेपाल सरकारले अवलम्बन गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम तयार गर्ने वित्तीय विवरण उपर नेपाल सरकारी लेखापरीक्षण मानदण्ड बमोजिम राय सहितको प्रतिवेदन दिने गरिएको छ।

- संगठित संस्थाहरू र विकास साझेदारहरूको सहयोगमा सञ्चालित आयोजनाहरूको वित्तीय विवरण तथा स्थानीय तहहरूको वित्तीय विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्ने गरिएको छ। वार्षिक लेखापरीक्षण योजनामा उल्लेख भएका कार्यसम्पादन गर्ने कार्यतालिका सहितको सूचना नेपाल

सरकारका मुख्य सचिवमार्फत् सबै सरकारी निकायमा जानकारीको लागि पठाउने व्यवस्था गरिएको छ। स्वीकृत वार्षिक कार्यतालिकाबमोजिम वार्षिक प्रतिवेदन तयार गरी पेस गरिएको छ।

- कार्यालयको जनशक्तिबाट लेखापरीक्षण गर्न नभ्याउने संगठित संस्थाहरूको लेखापरीक्षण कानून बमोजिम इजाजतपत्रप्राप्त लेखापरीक्षकहरूलाई महालेखापरीक्षकको सहायकको रूपमा नियुक्त गरी लेखापरीक्षण गर्ने गरिएको छ। त्यस्ता लेखापरीक्षकको नियुक्तिको लागि लेखापरीक्षकहरूको विवरण (रोष्टर) तयार गरिएको छ। नियुक्त लेखापरीक्षकलाई नियुक्ति पत्रका अतिरिक्त लेखापरीक्षण गर्दा अपनाउनुपर्ने प्रक्रियाबारे लिखित निर्देशन दिने गरिएको छ। लेखापरीक्षणको दौरानमा लेखापरीक्षकको कामको सुक्ष्म अनुगमन गर्ने गरिएको छ।

- संगठित संस्थाको लेखापरीक्षण गर्न छुट्टै लेखापरीक्षण महानिर्देशनालय रहेको छ। उक्त महानिर्देशनालयले वार्षिक २-३ वटा संगठित संस्थाको लेखापरीक्षण गर्दै आएको छ। संगठित संस्थाहरूको सञ्चालन दक्षता, उत्पादन र सेवा प्रवाहबारे सम्बन्धित संस्थाको लेखापरीक्षण प्रतिवेदन र व्यवस्थापन पत्रमा उल्लेख गर्ने गरेको छ।

- लेखापरीक्षण गर्दा वित्तीय कार्यम्पादन र परिपालनाका विषयहरू छुट्याई टिपोट र प्रतिवेदनका व्यहोरा उल्लेख गर्ने गरिएको छ।

३.५ लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार

- प्रभावकारी लेखापरीक्षणका लागि रणनीतिक र निकायगत तहमा गरी दुई चरणमा जोखिमको विश्लेषण गरेर प्राप्त नतिजाका आधारमा सार्वजनिक खरिद, सार्वजनिक सम्पत्ति, सार्वजनिक स्वास्थ्य महामारी नियन्त्रण, प्रकोप व्यवस्थापन, पुनर्निर्माण, दिगो विकास, राजस्व प्रक्षेपण, स्रोत परिपालना र सेवा प्रवाह जस्ता क्षेत्रहरूमा विशेष ध्यान केन्द्रित गरिएको छ। सार्वजनिक निकायको वित्तीय तथा परिपालना लेखापरीक्षणसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्दा जोखिम विश्लेषण तथा मूल्याङ्कनलाई नै प्रमुख आधार बनाइएको छ।

- कार्यमूलक लेखापरीक्षणको अवधारणा अनुसार लेखापरीक्षणका असल अभ्यास र विधि अवलम्बन गरी लेखापरीक्षण गर्ने प्रक्रियालाई संस्थागत गर्दै लगिएको छ। कार्यमूलक लेखापरीक्षणको लागि विषयहरु छनौट गर्दा सार्वजनिक हित, चासो र सरोकारका विषयहरूलाई उच्च महत्त्व प्रदान गर्ने गरिएको छ। यसलाई नीतिगत पुनर्संरचना र पृष्ठपोषण उपयोगी बनाउन प्रतिवेदन तयार गर्दा अनुसन्धानात्मक पद्धतिलाई आत्मसात गर्ने प्रयास गरिएको छ। कार्यमूलक तथा विशेष लेखापरीक्षणलाई प्राथमिकता दिने नीतिअनुरूप वार्षिक प्रतिवेदन २०७४ देखि २०८० सम्म निम्नानुसार ८२ वटा विषयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको छः

वार्षिक प्रतिवेदन	शीर्षक
५५औं प्रतिवेदन, २०७४	१. काठमाडौं उपत्यकाको वायु प्रदूषण स्थिति २. गैरकर राजस्व ३. प्राकृतिक स्रोत (काठ, दाउरा र खनिज) को उपयोग ४. प्राकृतिक एवं सांस्कृतिक सम्पदा ५. भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माण तथा पुनः स्थापना कार्यक्रम ६. राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम ७. स्वास्थ्य सेवा प्रवाह ८. सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार ९. सरकारी निकायहरूमा सूचना प्रविधि प्रणालीको वैधानिकता र उपयोग
५६औं प्रतिवेदन, २०७५	१. उपभोक्ता समिति मार्फत सम्पादित निर्माण कार्य २. औषधि व्यवस्थापन ३. कृषि अनुसन्धान कार्यक्रम ४. गरिबी निवारण कार्यक्रम कार्यक्रम कार्यान्वयन ५. गुठी जग्गाको उपयोग ६. गैरसरकारी संस्थाहरूको कार्यसम्पादन स्थिति ७. मैलुङ स्याफ्रुबेंसी र खुलालु लैफु सिमकोट सडक निर्माण स्थिति ८. सरकारी भवनहरूको पुनः निर्माण ९. सरकारी सवारी साधन व्यवस्थापन १०. सरकारी र सार्वजनिक जग्गाको उपयोग र संरक्षण ११. सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन १२. कमाण्ड क्षेत्रमा सिँचाइ व्यवस्थापन १३. कर प्रशासनको मूल्याङ्कन १४. कृषि अनुदानको उपलब्धि

वार्षिक प्रतिवेदन	शीर्षक
	१५. जग्गाको खण्डीकरण र कित्ताकाट
	१६. जिल्ला प्रशासन कार्यालयहरूको सेवा प्रवाह
	१७. संगठित संस्थाको जग्गा उपयोग र संरक्षण
	१८. वैज्ञानिक वन व्यवस्थापन
	१९. एकल खाता कोष प्रणाली
	२०. विद्युतीय सरकारी खरिद
	२१. स्वचालित भन्सार जाँचपास प्रणाली
	२२. दिगो विकास लक्ष्य
	२३. Institutional Framework for Fighting Against Corruption in Nepal
५७औं प्रतिवेदन, २०७६	१. आयोजना व्यवस्थापन
	२. खेलकुद पूर्वाधारको अवस्था
	३. सरकारी अनुदानमा निजी आवास निर्माण तथा उपयोग
	४. विद्युत प्रसारण लाइन निर्माण र सञ्चालन
	५. सरकारी सम्पत्तिको संरक्षण एवं उपयोग
	६. सामाजिक सुरक्षा कार्यक्रमको अवस्था
	७. स्थानीय तह सञ्चालन तथा व्यवस्थापन
	८. स्वास्थ्य सेवाको नियमन
	९. स्वास्थ्य सेवा प्रवाहमा बिरामी हेरचाह गुणस्तर
	१०. सार्वजनिक संस्थान सञ्चालन
	११. कर निर्धारण र असुली व्यवस्था
	१२. काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाको मूल्याङ्कन
	१३. वागमती नदी सफाइ र सौन्दर्यीकरण
	१४. विद्युतीय सवारी चालक अनुमति तथा सवारी दर्ता प्रणाली (EDLVRS)
	१५. कम्पनी रजिष्ट्रेशन तथा व्यवस्थापन (OCR)
	१६. एकीकृत कर प्रणाली (ITS)
	१७. दिगो विकास लक्ष्य
५८औं प्रतिवेदन, २०७८	१. काठमाडौं उपत्यका भित्रका स्थानीय तहको सेवा प्रवाह
	२. काठमाडौं उपत्यकाको यातायता व्यवस्थापन
	३. कृषि मल अनुदान व्यवस्थापन
	४. प्रधानमन्त्री रोजगार कार्यक्रम
	५. भेरी बबइ डाईभर्सन बहुउद्देश्यीय आयोजना
	६. लुम्बिनी प्रदेश अन्तर्गत खानेपानी योजना व्यवस्था
	७. विश्वविद्यालय अनुदान आयोगको कार्य सम्पादन
	८. सिँचाइ आयोजनामा उपभोक्ता समिति परिचालन (बागमती प्रदेश)

वार्षिक प्रतिवेदन	शीर्षक
	९. व्यावसायिक तालिमको प्रभावकारिता १०. सुरक्षित नागरिक आवास कार्यक्रम ११. घरबास (होमस्टे) विस्तार र सुदृढीकरण आयोजना (गण्डकी प्रदेश) १२. राष्ट्रिय निकुञ्ज व्यवस्थापन १३. भू-अभिलेख सूचना व्यवस्थापन प्रणाली १४. राष्ट्रिय तथ्याङ्क सुरक्षा प्रणाली १५. कोभिड-१९ व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षण
५९औं प्रतिवेदन, २०७९	१. ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा २. बीमा समितिको नियमन ३. नेपाल नागरिक उड्डयन नियमन ४. युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन ५. उपत्यका विकास प्राधिकरणको भौतिक विकास योजना तर्जुमा र कार्यान्वयन ६. विशेष आर्थिक क्षेत्र सञ्चालन एवं व्यवस्थापन ७. सार्वजनिक खरिद कानूनको पालना ८. जलवायु परिवर्तन ९. एकल कोष खाता प्रणाली १०. स्वचालित भन्सार जाँचपास ११. विद्युतीय सरकारी खरिद प्रणाली १२. कोभिड-१९ व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षण
६०औं प्रतिवेदन, २०७९	१. सार्वजनिक ऋण व्यवस्थापन २. सार्वजनिक खर्च व्यवस्थापन ३. आयोजना छनोट, प्राथमिकीकरण र विनियोजन ४. निर्णय तहमा महिला सहभागिता ५. सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम ६. दूरसञ्चार पूर्वाधार व्यवस्थापन ७. बहुपक्षीय वातावरणीय सम्झौताको कार्यान्वयन ८. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली ९. विशेष लेखापरीक्षण -२४

- कार्यमूलक लेखापरीक्षणको विधि र प्रक्रियालाई पारदर्शी बनाउन साथै यसको नतिजालाई वैध, विश्वसनीय तुल्याउन नागरिक समाजका संस्थाहरू (CSO's) लाई सहभागी हुन प्रोत्साहित गर्दै ३६१ व्यक्तिलाई नागरिक सहभागितामा

आधारित लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरी कार्यमूलक लेखापरीक्षणमा संलग्न गराइएको छ। यस अवधिमा सहभागितात्मक लेखापरीक्षणको मार्गदर्शन बमोजिम तोकिएको ढाँचा र पद्धतिमा २३ वटा विषयको कार्यमूलक लेखापरीक्षण गर्न विभिन्न नागरिक समाज संस्थामा आबद्ध व्यक्तिहरूलाई संलग्न गराई लेखापरीक्षण सम्पन्न गरिएको छ।

- यस अवधिमा १०८ विषयको कार्यमूलक लेखापरीक्षण गरी प्रतिवेदन उपलब्ध गराइएको छ। खासगरी भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम, स्वास्थ्य सेवा प्रवाह, गरिबी निवारण कार्यक्रम, सार्वजनिक जग्गाको उपयोग र संरक्षण, सरकारी सम्पत्तिको संरक्षण एवं उपयोग, कर निर्धारण र असुली व्यवस्थापन, दिगो विकास लक्ष्य, कोभिड-१९ महामारीको नियन्त्रण, रोकथाम तथा उपचार, सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार, निर्णय तहमा महिला सहभागिता तथा अवसर सम्बन्धी लक्ष्य कार्यान्वयनको अवस्था जस्ता जनचासो र सरोकारका ज्वलन्त विषयहरूको कार्यमूलक तथा विशेष लेखापरीक्षण गरी प्रतिवेदन जारी गरिएको छ।

- तीन वटै तहका सबै सरकारी कार्यालय, संगठित संस्था तथा कानून बमोजिम तोकिएका संस्था र निकायको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका समेतको विचार गरी वित्तीय, परिपालना, कार्यमूलक लेखापरीक्षणको अतिरिक्त यसमा विविधीकरण गर्दै छनौटका आधारमा सूचना प्रविधि, वातावरण, सामयिक लेखापरीक्षणमा जोड दिएको छ। १३ विषयको सूचना प्रविधि, ६ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ।

- विश्वव्यापी महामारीको असरको मूल्याङ्कन गर्न आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ मा कोभिड-१९ को व्यवस्थापन सम्बन्धी विशेष लेखापरीक्षण सम्पन्न गरिएको छ।

- कोभिड १९ महामारीको कारणले प्रत्यक्ष भौतिक उपस्थिति तथा आवागमनलाई सीमित तुल्याएको अवस्थामा मध्यम र न्यून जोखिमका कार्यालयको दूर लेखापरीक्षण प्रणाली (Remote Audit) अनुसार लेखापरीक्षण गर्ने कार्यको शुरुवात भएको छ।

- लेखापरीक्षण ऐन, २०७५ को दफा १५(१) अनुसार नेपाल राष्ट्र बैङ्कको लेखापरीक्षण गर्न अन्तर्राष्ट्रिय प्रस्ताव माग गरी अन्तर्राष्ट्रिय परामर्शदाताबाट विशेषज्ञ सेवा लिएर लेखापरीक्षण सम्पन्न गरी विशेषज्ञबाट लेखापरीक्षण गर्ने कार्यको प्रारम्भ गरिएको छ।

- वार्षिक लेखापरीक्षण योजना अनुसार मन्त्रालयगत लेखापरीक्षण योजना र सो अनुसार कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गरी लेखापरीक्षण गर्ने पद्धतिको शुरुवात भएको छ।

- लेखापरीक्षण योजनामा उल्लिखित उद्देश्य र कार्यक्रममा आधारित रही लेखापरीक्षण गर्ने, प्रमाण सङ्कलन गर्ने, विश्लेषण गर्ने र लेखापरीक्षण निष्कर्ष निकाल्ने पद्धतिको विकास गरिएको छ।

- नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाका पूर्व पदाधिकारी, विभिन्न विषयका विज्ञहरू सम्मिलित समूहबाट सार्वजनिक खर्च व्यवस्थापन, अर्थतन्त्र लगायत विषयमा अध्ययन गराई प्रतिवेदन लिने गरिएको छ ।

- लेखापरीक्षण सल्लाहकार समितिको बैठक लेखापरीक्षण शुरूहुनुभन्दा र वार्षिक प्रतिवेदन पेस गर्नुभन्दा अगावै कम्तीमा २ पटक सञ्चालन गरी लेखापरीक्षणमा हेर्नुपर्ने विषय र प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयमा सुझाव लिने गरिएको छ।

३.६ लेखापरीक्षणबाट असुलीमा योगदान

महालेखापरीक्षकको ५५औं देखि ६०औं प्रतिवेदनसम्म लेखापरीक्षणको क्रममा, प्रतिवेदन जारी भए पश्चात र सम्परीक्षणको क्रममा रु. ४३ अर्ब ४० करोड ९२ लाख असुली भएको छ । लेखापरीक्षणबाट भएको असुलीको स्थिति देहायअनुसार छः

वार्षिक प्रतिवेदन	लेखापरीक्षणबाट असुली (रू. लाखमा)
५५ औं(२०७३/७४)	१४०९११
५६ औं (२०७४/७५)	८८४८३
५७ औं (२०७५/७६)	७४७८०
५८ औं (२०७६/७७)	६१६६७
५९ औं(२०७७/७८)	४२०५६
६० औं(२०७८/७९)	२६१९५

जम्मा	४३४०९२

- लेखापरीक्षणमा प्रक्रियागत पक्षको अलावा नतिजामूलक एवं समस्या केन्द्रित लेखापरीक्षणमा जोड दिइएको छ। त्यसैगरी भौतिक निर्माण तथा कार्यक्रम सञ्चालनको कागजात परीक्षणको अलावा प्राविधिक सहितको संलग्नतामा स्थलगत निरीक्षण तथा अवलोकन गर्ने विधिमा जोड दिइएको छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले सरकारी कार्यालयहरूमा आन्तरिक लेखापरीक्षणको लागि जनशक्तिको विशिष्टीकरणमा जोड दिएकोले सोअनुरूप अन्तिम लेखापरीक्षणलाई नतिजामूलक पद्धति एवं जोखिमयुक्त क्षेत्रमा केन्द्रित गर्ने गरी वार्षिक लेखापरीक्षण नीति तथा कार्यक्रम तर्जुमा गर्ने पद्धति अवलम्बन गरिएको छ।

- लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणमा अनुशरण भएको सुनिश्चित गर्न प्रतिवेदन जारी गर्नुपूर्व र जारी पश्चात् सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकन लगायतका क्रियाकलापहरूमा विशेष जोड दिइएको छ।

- उच्च जोखिमयुक्त निकायका रूपमा पहिचान भएका सबै सरकारी कार्यालयहरूको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट प्रतिवेदन जारी गर्नु पूर्व अनिवार्य रूपमा नायब महालेखापरीक्षक तहबाट पुनरावलोकन गरेर मात्र प्रतिवेदन जारी गर्ने व्यवस्था प्रारम्भ गरिएको छ।

- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी पूर्वको गुणस्तर नियन्त्रण र आश्वस्तता (Pre Issuance Review) सम्बन्धमा प्रत्येक लेखापरीक्षण टोलीले वित्तीय र परिपालना लेखापरीक्षण गरेका सम्बन्धित महानिर्देशनालयले छनौट गरेका कम्तीमा एउटा फाइलको छनोट गरी कार्यालयको समीक्षा प्रतिवेदनका आधारमा प्रतिवेदन जारीपूर्वको गुणस्तर नियन्त्रण आश्वस्तता प्रतिवेदन तयार गर्ने कार्यको प्रारम्भ गरिएको छ। यो वर्ष ६७ वटा कार्यालयको समीक्षा प्रतिवेदनका आधारमा जारीपूर्वको गुणस्तर नियन्त्रण आश्वस्ततासम्बन्धी यस्तो प्रतिवेदन तयार गरिएको छ।

- यस अवधिमा वित्तीय, परिपालना र कार्यमूलक लेखापरीक्षण गरिएका निकाय मध्येबाट प्रतिवेदन जारी पश्चातको पुनरावलोकनको लागि लेखापरीक्षण

टोलीका प्रमुख निर्देशकहरूको नेतृत्वमा लेखापरीक्षण सम्पन्न भएका ३५० फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (इन्टोसाई) ले स्वीकृत गरेको सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापदण्ड, २०१६ अनुसार आफूले सम्पादन गरेको लेखापरीक्षण कार्यहरू समकक्षी बाह्य सर्वोच्च लेखापरीक्षण संस्थाबाट कम्तीमा तीन वर्षमा एक पटक पुनरावलोकन (Peer Review) गराउनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको छ। नेपालको सर्वोच्च लेखापरीक्षण संस्था (महालेखापरीक्षकको कार्यालय) ले अनुरोध गरे बमोजिम थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था (द स्टेट अडिट अफिस अफ द किङ्गडम अफ थाइल्याण्ड) बाट यस कार्यालयको कार्यसम्पादनको मूल्याङ्कन गराई सोको प्रतिवेदन लिइएको छ। प्रतिवेदनका सुझावहरूलाई चौथो रणनैतिक योजनामा समावेश गरी सुधारका कार्यक्रमहरू अगाडि बढाइएको छ।

- सार्वजनिक निकायमा कार्यरत पदाधिकारीहरूको कार्यसम्पादनको आधारमा संस्थागत उद्देश्य प्राप्तिमा परेको प्रभाव र असर यकिन गर्न नेतृत्व परीक्षण (Leadership Audit) विधि अवलम्बन गरिने कार्य हुन सकेन। नेतृत्व परीक्षणसम्बन्धी कार्यका लागि ज्ञान, सीप र क्षमता विकास गरी आगामी दिनमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ। लेखापरीक्षण ऐनको व्यवस्था अनुसार विधि विज्ञान र लैङ्गिक जस्ता लेखापरीक्षण विधिका आधारमा लेखापरीक्षण कार्य हुन नसकेकोले उक्त अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ।

३.७ वित्तीय अनुशासन तथा जवाफदेहिता

- सार्वजनिक निकायहरूमा वित्तीय अनुशासन र जवाफदेहिताका लागि निरोधात्मक उपायहरूमा विशेष जोड दिँदै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि नेपाल सरकारका प्रत्येक मन्त्रालय तथा निकायमा आन्तरिक नियन्त्रण समितिको व्यवस्था गरेकोमा त्यसलाई कार्य उन्मुख बनाई नतिजा प्रदान गर्न सक्ने बनाउन लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन, प्रत्येक मन्त्रालयको प्रतिवेदन र वार्षिक

प्रतिवेदनको भविष्यमा गर्नुपर्ने सुधार सम्बन्धी परिच्छेदमा यस सम्बन्धी व्यहोरालाई समुचित ढंगबाट प्रस्तुत गर्ने गरिएको छ।

- लेखापरीक्षणको प्रमुख उद्देश्य वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन गर्नु रहेकोले सो उद्देश्य पुरा गर्न प्रत्येक वर्ष जोखिममा आधारित लेखापरीक्षण पद्धतिको माध्यमबाट करिब ६ हजार कार्यालयको लेखापरीक्षण गरी सुझाव तथा सुधारात्मक उपाय सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा प्रेषित गरिएको छ।

विगत ६ वर्षको लेखापरीक्षण अङ्क

(रू. करोडमा)

वार्षिक प्रतिवेदन	सङ्घीय मन्त्रालय तथा निकाय	प्रदेश मन्त्रालय तथा निकाय	स्थानीय तह	समिति/अन्य संस्था/ संगठित संस्था	लेखापरीक्षण अङ्क
५५औं(२०७४)	१७५२९३		१८०३१	२७५४६७	४६८६९१
५६ औं(२०७५)	२००८८४	२६२	५७१५१	२५७७९५	५१६०९२
५७ औं(२०७७)	१७४२८७	१८९२५	७४०६५	२४९८८७	५१७१६४
५८ औं(२०७८)	१५५५८१	२३७४१	८१५९९	२७१८७०	५३२७९१
५९औं (२०७९)	२८२०३८	२९९५७	१०५११०	३३६२०४	७५३३०९
६०औं(२०७९)	२३५६३४	३१२७३	११०४०१	३३६५०९	७१३८१७

- सार्वजनिक निकायहरूलाई वार्षिक लेखापरीक्षण प्रतिवेदनका सम्बन्धमा जिम्मेवार र जवाफदेही बनाउन ५६ औं वार्षिक प्रतिवेदनदेखि लेखापरीक्षण कार्यान्वयन स्थिति सम्बन्धी अलग परिच्छेद वार्षिक प्रतिवेदनमा समावेश गरी त्यस्ता सार्वजनिक निकायहरूले गरेका नीतिगत, कानूनी तथा प्रक्रियागत सुधारका प्रयासहरू उल्लेख गर्ने कार्यको प्रारम्भ गरिएको छ।

- स्रोतबाटै बेरुजु न्यूनीकरणमा जोड दिन लेखापरीक्षण योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनका हरेक चरणहरूमा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीहरूको सहभागितालाई सुनिश्चित गरिएको छ। कुल बेरुजुमा अनियमित प्रकृतिको बेरुजुमा कमी ल्याउन नेपाल सरकारको मुख्य सचिवको उपस्थितिमा लेखाउत्तरदायी अधिकृतहरूसँग लेखापरीक्षण नीति, योजना तथा कार्यक्रमका सम्बन्धमा प्रारम्भिक छलफल, केन्द्रीय निकायहरूमा नायब

महालेखापरीक्षकको उपस्थितिमा लेखापरीक्षण प्रवेश बैठक, लेखापरीक्षण गर्ने सबै निकायमा अनिवार्य रूपमा प्रवेश तथा बहिर्गमन बैठक, सबै सार्वजनिक निकायहरूको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा समावेश बेरुजुलाई आवश्यक प्रमाण तथा कागजात पुऱ्याएर ३५ दिन भित्र सम्परीक्षण गराउन विशेष जोड, मन्त्रालयस्तरीय लेखापरीक्षण प्रतिवेदनमा लेखाउत्तरदायी अधिकृतसँग छलफल र सम्बन्धित विभागीय मन्त्रीलाई बेरुजुको जानकारी दिइए पश्चात् कायम बेरुजुलाई मात्र वार्षिक प्रतिवेदनमा कायम गर्ने जस्ता लेखापरीक्षण प्रणालीलाई पूर्णरूपमा क्रियाशील बनाइएको छ।

विगत ६ वर्षको बेरुजु स्थिति

(रू. करोडमा)

वार्षिक प्रतिवेदन	सङ्घीय मन्त्रालय	प्रदेश मन्त्रालय	स्थानीय तह	समिति/अन्य संस्था/ संगठित संस्था	बेरुजु अङ्क
५५औं(२०७४)	९४८२		१४२४	११८५	१२०९१
५६ औं(२०७५)	१०६३४	१९	२४१४	१०३८	१४१०५
५७ औं(२०७७)	७१०६	८२०	३८१३	१५६१	१३३००
५८ औं(२०७८)	४४३९	६५०	४०८३	१२६६	१०४३८
५९औं (२०७९)	४९४७	७४८	४३९१	१४१९	११५०५
६०औं(२०७९)	५६३१	७२१	४२८८	१३३८	११९७८

- जोखिम मूल्याङ्कन तथा विश्लेषणका आधारमा उच्च जोखिमयुक्त समूहमा पर्ने निकायहरूको हरेक वर्ष स्थलगत लेखापरीक्षण गरिएको छ। वार्षिक लेखापरीक्षण प्रतिवेदनमा रकमगत आधारमा सबै भन्दा बढी बेरुजु हुने निकायको अलग्गै विवरण प्रस्तुत गरी सरोकारवालालाई सुसूचित गर्ने गरिएको छ।

- लेखापरीक्षण गरिने निकाय र लेखापरीक्षकबीचको पेशागत अन्तर सम्बन्धलाई व्यवस्थित बनाउन उच्च जोखिममा रहेका निकायहरूको लेखापरीक्षण प्रक्रियामा प्रवेश बैठक, बहिर्गमन बैठक, अनुबन्धपत्र, लिखित प्रतिनिधित्वपत्र र आचारसंहिता घोषणा सम्बन्धी व्यवस्थालाई अनिवार्य गरिएको छ।
- वार्षिक लेखापरीक्षण प्रतिवेदनमा बजेटको अख्तियारी प्राप्त लेखाउत्तरदायी अधिकृतहरूको विवरण र उक्त अवधिको बेरुजुसम्बन्धी अनुसूची बनाई जवाफदेहिताको स्थिति दर्शाउन ५५ औं वार्षिक प्रतिवेदनदेखि सो सम्बन्धी

विवरण समावेश गरिएको छ। त्यसैगरी सार्वजनिक संस्थानका प्रमुखलाई जवाफदेही बनाउन निजको नाम र कार्य अवधिसहितको विवरण वार्षिक प्रतिवेदनमार्फत् सार्वजनिक गर्न थालिएको छ।

- विगत वर्षदेखि लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्था, कार्यालय र निकायको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ। लेखापरीक्षणका माध्यमबाट वित्तीय जवाफदेहिता पालना गर्न सबै निकायलाई अभिप्रेरित गरिएको छ।
- सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्याङ्कन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार गरी प्रकाशित गर्ने गरिएको छ ।
- पटक पटक प्रयासका बाबजुद ६ वर्षको कार्यकालमा लेखापरीक्षण हुन नसकेका संगठित संस्थाहरू निम्नानुसार रहेका छन्:
  - राष्ट्रिय बीमा संस्थान
  - राष्ट्रिय बीमा कम्पनी
  - नेपाल पर्यटन बोर्ड
  - साझा प्रकाशन
  - नेपाल ओरेन्ट म्याग्नेसाइट कम्पनी
- **नियामक निकायहरूको लेखापरीक्षण -** नेपालको संविधानको धारा २४१(१) र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार नियामक निकायको रुपमा रहेका नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, नेपाल मेडिकल काउन्सिल, नेपाल कानून व्यवसायी परिषद्, खानेपानी व्यवस्थापन बोर्ड लगायतका सरकारी निकाय, परिषद् तथा संस्थाहरुको लेखापरीक्षण महालेखापरीक्षकको क्षेत्राधिकार भित्र पर्ने देखिन्छ । तर सम्बन्धित संस्था/निकायका विषयगत ऐनमा लेखापरीक्षणका लागि फरक व्यवस्था भएका कारण निजी लेखापरीक्षकबाट लेखापरीक्षण हुँदै आएको छ । त्यसैले सरकारी निकाय, बोर्ड, समिति, परिषद् लगायतका निकायहरुलाई सार्वजनिक लेखापरीक्षणको दायरामा ल्याउनु पर्दछ ।
- **लेखापरीक्षण बक्यौता** — लेखापरीक्षण बक्यौताको विवरण देहायअनुसार रहेको छः

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	जम्मा	
		एकाइ	रकम
१.	सर्वोच्च अदालत	९२	१४८८९६
२.	निर्वाचन आयोग	५२	१२२३४
३.	अर्थ	२६	५७२३०
४.	उद्योग, वाणिज्य तथा आपूर्ति	१२	१५९५८
५.	ऊर्जा, जलस्रोत तथा सिँचाइ	१५९	१३५१८८
६.	कानून, न्याय तथा संसदीय मामिला	३	२७४
७.	कृषि तथा पशुपन्छी विकास	१४५	६६५७४४
८.	खानेपानी	५४	१३०५३१
९.	गृह	९६	३४४१८
१०.	परराष्ट्र	१३	७४२८१३
११.	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	३१८	५७७४०६
१२.	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	२३३	३३९६०१
१३.	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक	२१	२१८२१
१४.	युवा तथा खेलकुद	४	१२४१८
१५.	रक्षा	७	४१९४०
१६.	वन तथा वातावरण	९०	१७७४८५
१७.	शिक्षा, विज्ञान तथा प्रविधि	३३१	१४६२४३०
१८.	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	६२	८२०९
१९.	संघीय मामिला तथा सामान्य प्रशासन	३९४	४०९७८१
२०.	सञ्चार तथा सूचना प्रविधि	१२	३०२६
२१.	सहरी विकास	६१	२९४९६
२२.	स्वास्थ्य तथा जनसंख्या	८३१	११३३६७४
२३.	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	४७	५२२७४९
	जम्मा	**३०६३**	**६६८३३२२**
	प्रदेश तर्फ		
१	कोशी	११	२९५९४५
२	मधेश	३	५२०५९२
३	गण्डकी	३	१८०५३
४	कर्णाली	२	१६८४११
५	सुदूरपश्चिम	४	११६६८५
	प्रदेशतर्फको जम्मा	**२३**	**१११९६८६**
	संघ र प्रदेशतर्फको कुल जम्मा	**३०८६**	**७८०३००८**

३.८ संस्थागत सम्बन्ध र सञ्चार

क) संवैधानिक तथा संसदीय सम्बन्ध

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ५९ औँ र ६० औँ वार्षिकोत्सव तथा तत्कालीन सम्माननीय सभामुख श्री कृष्णबहादुर महराज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ६१ औँ वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो।

- नेपालको संविधानको धारा २९४ बमोजिम सङ्घीय सरकार तर्फ सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५५ औँ वार्षिक प्रतिवेदन २०७४।१२।२९, ५६ औँ वार्षिक प्रतिवेदन २०७५।१२।२९, ५७ औँ वार्षिक प्रतिवेदन २०७७।३।३१, ५८ औँ वार्षिक प्रतिवेदन २०७८।५।४, ५९ औँ वार्षिक प्रतिवेदन २०७९।३।२९ र ६० औँ वार्षिक प्रतिवेदन २०७९।१२।३० मा पेस गरिएको छ।त्यस्तै प्रदेश सरकारतर्फको आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण गरी सातवटै प्रदेश प्रमुख समक्ष २०७५।१२।२९ मा पहिलो प्रतिवेदन पेस गरिएको थियो भने दोस्रो र तेस्रो प्रतिवेदन क्रमशः २०७७।३।३१ र २०७८।५।४ मा भर्चुअल माध्यमबाट पेस गरिएको थियो । चौथो प्रतिवेदन २०७९।३।२९ र पाँचौ प्रतिवेदन २०७९।१२।३० मा पेस गरिएको थियो ।

  तीनै तह (संघ, प्रदेश र स्थानीय) को सरकारको छपन्नौं देखि साठिऔँ वार्षिक प्रतिवेदनलाई एकीकृत गरी प्रतिवेदन तयार गरिएको छ।

- आर्थिक वर्ष २०७३।७४, २०७४।७५, २०७५।७६, २०७६।७७, २०७७।७८ र २०७८।७९ मा स्थानीय तहहरूबाट सम्पादित कार्य तथा आर्थिक कारोबार सम्बन्धमा क्रमशः ७३८, ७४७, ७४३, ६९४, ७४४ र ७४९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरू जारी गरिएको छ।

- सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उप-राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायधीशज्यू, सङ्घीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलगायत प्रदेश सभा, प्रदेश सरकार र पदाधिकारीहरूसँग लेखापरीक्षणका विविध पक्षहरूबारे छलफल

गरी प्राप्त सुझावसमेतका आधारमा लेखापरीक्षणको योजना तर्जुमा गरी कार्यान्वयन गरिएको छ।

- व्यवस्थापिका संसद, सार्वजनिक लेखा समितिका सभापति लगायत सबै सदस्यहरूसँग नियमित छलफल, सम्पर्क र समन्वय गरी सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको कार्यालयबीच समन्वय स्थापित गरिएको छ। प्रतिवेदनमा समावेश गरिएका विषयहरू उपर सूचना, जानकारी उपलब्ध गराउने, सार्वजनिक लेखासमितिले आयोजना गरेको कार्यक्रममा महालेखापरीक्षकलगायत उच्चतहका कर्मचारीको सहभागिता रहने तथा महालेखापरीक्षकको कार्यालयबाट आयोजित लेखापरीक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा संसदका पदाधिकारीहरूको उपस्थिति रहने गरेको छ। साथै प्रदेश सभाको लेखा समितिसँग निकट समन्वय र सम्पर्कमा रही लेखापरीक्षणका विविध विषय तथा वार्षिक प्रतिवेदन माथि हुने छलफललाई प्रभावकारी र नतिजामुखी बनाउने प्रयत्न गरिएको छ।
- सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, प्रदेशसभाका माननीय सभामुख र उपसभामुखज्यूहरू तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरूलगायत संघ, प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारीहरूसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई निरन्तरता दिइएको छ। पाँचौं वर्ष प्रदेशमा माननीय प्रदेश प्रमुखज्यूहरू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरू, प्रदेशसभाका माननीय सभामुख र उपसभामुखज्यूहरू तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरूसँग छलफल गरी महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल गर्ने व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।
- संघीय संसद र संसदीय समितिहरूमा महालेखापरीक्षक लगायत उच्च तहका कर्मचारीको सहभागिता रहने गरेको छ भने संसदीय समितिहरूले गरेका निर्णयहरू यथासमयमा कार्यान्वयन गर्ने गरिएको छ ।

- संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गर्ने नीतिअनुसार कार्य सम्पादन हुँदै आएको छ।

ख) बाह्य सम्पर्क र सञ्चार

अ. एसोसाई बैठकहरू

- भियतनामको हनोईमा १६ देखि २२ सेप्टेम्बर २०१८ मा सम्पन्न एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन (एसोसाई) को १४ औँ साधारण सभामा महालेखापरीक्षक सहित ३ जनाको सहभागिता रहेको थियो । उक्त साधारण सभाबाट नेपाल सन् २०१८ देखि ३ वर्षको लागि गभर्निङ बोर्डको सदस्यमा निर्वाचित भएको थियो। सन् २०२० जुलाई २७ (२०७७ श्रावण १२) मा भएको गभर्निङ बोर्डको ५५औँ भर्चुअल बैठकमा महालेखापरीक्षक लगायत ५ जनाको सहभागिता रहेको थियो। यस अघि पनि सन् २०१५ देखि २०१८ सम्मको लागि नेपाल उक्त गभर्निङ बोर्डको सदस्यमा निर्वाचित भएको थियो ।

- इजरायलको जेरुसेलममा आयोजित एसियाली मुलुकका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सम्मेलन तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन तथा एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनका विविध कार्यक्रमहरू तथा संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा आयोजित दिगो विकास लक्ष्यसम्बन्धी कार्यक्रममा नेपालको तर्फबाट माननीय महालेखापरीक्षक एवं कार्यालयका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

आ. इन्टोसाई बैठक

- ब्राजिलको राजधानी रियो दि जेनेरियोमा नोभेम्बर ७-११, २०२२ मा विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको सर्वोच्च अंगको रुपमा रहेको अन्तर्राष्ट्रिय महाधिवेशन (इन्कोसाई) मा महालेखापरीक्षकको नेतृत्वमा ३ सदस्यीय प्रतिनिधि मण्डलले भाग लिएको थियो। उक्त महाधिवेशनमा "The Work Of Supreme Audit Institutions In The Face Of Public Calamities" र "Global Voice, Global out Come and Far-Reaching Impact" विषयमा छलफल भई प्रस्ताव पारित भएको थियो।

इ. सदाचार प्रवर्द्धन सम्बन्धी कार्यक्रममा सहभागिता

The Blavathink School of Government, University of Oxford र Chandler Foundation को संयुक्त आयोजनामा सन् २०२१ देखि २०२४ सम्म सञ्चालित हुने "The Chandler sessions on Integrity and Corruption" (सत्यनिष्ठा र भ्रष्टाचार) सम्बन्धी कार्यक्रमको विभिन्न श्रृङ्खलामा मेरो सहभागिता रहेको छ। सत्यनिष्ठा प्रवर्द्धन र भ्रष्टाचार निवारण सम्बन्धमा कार्य गर्ने विश्वका विभिन्न विशिष्ट १५ संस्थाका प्रमुखसँगै विषय विशेषज्ञहरू र ख्याति प्राप्त पत्रकारहरू समेतको सहभागिता रहने सो कार्यक्रममा नेपालका तर्फबाट मैले सहभागिता जनाई सत्यनिष्ठा प्रवर्द्धन र भ्रष्टाचार निवारणमा योगदान गर्ने प्रयास गरेको छु । यस कार्यक्रमको प्रमुख उद्देश्य भ्रष्टाचार नियन्त्रणका मौजुदा रणनीतिहरू परिमार्जन गर्दै नयाँ पुस्ता रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने रहेको छ । यस कार्यक्रमको अन्तमा केही मार्गदर्शन पुस्तिका तयार हुने र सो बाट सरकार र अन्य निकायमा पाठ्यक्रम तथा नीति तर्जुमामा सहयोगी हुने अपेक्षा गरिएको छ। अक्स्फोर्ड विश्वविद्यालयले छनोट गरेको विश्वको सुप्रतिष्ठित र ख्यातिप्राप्त १५ व्यक्तित्व मध्ये नेपालका तर्फबाट मेरो छनौट भई च्यान्डलर कार्यक्रमको विभिन्न श्रृङ्खलामा सहभागी हुनुले अन्तराष्ट्रिय जगतमा नेपालको पहिचान तथा साख वृद्धि भएको छ ।

- उक्त महाधिवेशनको साइड इभेन्टमा महालेखापरीक्षकबाट "The Value of Collaboration Between SAIs & Academics the Example of the Oxford Chandler Sessions मा Fighting Againts Curruption विषयमा कार्यपत्र प्रस्तुत भएको र विभिन्न देशका SAI प्रमुखहरूसँग द्विपक्षीय छलफल समेत भएको थियो।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन तथा एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनका अन्य विविध कार्यक्रमहरूमा नेपालको तर्फबाट महालेखापरीक्षकको कार्यालयका विभिन्न पदाधिकारीहरूको नियमित सहभागिता रहने गरेको छ।

- रसियाको राजधानी मस्कोमा आयेजित सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको २३ औं महासभामा नेपालका महालेखापरीक्षक सहितको प्रतिनिधि मण्डलले भाग लिएको थियो।

ई. संयुक्त राष्ट्रसंघमा सहभागिता

- संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा आयोजित दिगो विकास लक्ष्य सम्बन्धी कार्यक्रममा महालेखापरीक्षकसहितको प्रतिनिधि मण्डलले विगत तीन वर्षदेखि नियमित भाग लिएको छ।

उ. अन्य देशका कार्यक्रमहरू

- अक्टोबर १८, २०२२ मा फिलिपिन्सको राजधानी मनिलामा "Leadership Forum and Signing Ceremony of Commitment Letter- Strengthening Performance Audit Capacity in Asia and the Pacific" कार्यक्रममा भाग लिई ISSAI Implementation Need Assessment for Performance Audit (IINA-PA) कार्यमूलक लेखापरीक्षण सम्बन्धमा कर्मचारीहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

- पाकिस्तानका महालेखापरीक्षक श्री जाभेद जेहाँगिर र नेपालका महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालबीच द्विपक्षीय सहयोगका लागि एक समझदारी पत्रमा हस्ताक्षर गरिएको थियो। त्यस्तै, महालेखापरीक्षकको कार्यालय र सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) अन्तर्गतको इन्टोसाई डेभलप्मेन्ट इनिसिएटिभ (IDI) को संयुक्त आयोजनामा अन्तर्राष्ट्रियस्तरको SAI Fighting Against Corruption र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठनको संयुक्त आयोजनामा गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी अन्तर्राष्ट्रियस्तरको कार्यशाला आयोजना गरिएको थियो। अन्तराष्ट्रिय बजेट पार्टनरशिप र महालेखापरीक्षकको कार्यालयको संयुक्त आयोजनामा Audit Accountabliity सम्बन्धी अन्तराष्ट्रिय कार्यशाला नेपालमा आयोजना गरिएको थियो।

ऊ. विदेशी प्रतिनिधि मण्डलको नेपाल भ्रमण तथा कार्यक्रम

- विश्व बैंक समूहका Vice-President and Auditor General Ms. Anke D'Angelo को नेपालको भ्रमणको अवसरमा सार्वजनिक वित्तीय प्रशासन र आर्थिक अनुशासन, जिम्मेवारी र जवाफदेहिताको विषयमा महालेखापरीक्षकको कार्यालयमा एक अन्तरक्रिया सम्पन्न भएको थियो।

- भुटानका महालेखापरीक्षक श्री दासो छिरिङ्ग केजाङ, थाइल्याण्डका Qmate Audit Commissioner Mr. Sansern Poljieak सहितको टोलीले नेपालको भ्रमण गरेको अवसरमा द्विपक्षीय सहयोगका बारेमा छलफल भएको थियो।

- विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरू, विश्व बैङ्क समूह, एसियाली विकास बैङ्क, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरू लगायत यस क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय निकायहरूसँग द्विपक्षीय सम्बन्ध कायम गरी आपसी हित र क्षमता विकासका कार्यलाई प्राथमिकता दिइएको छ।

- प्रमुख वैदेशिक दातृनिकायहरू विश्व बैंक, आइएमएफ, एसियाली विकास बैंक, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, डिएफआइडी, युयसएआइडी लगायतसँग सहायता परिचालन, उपयोग, लेखांकन, प्रतिवेदन तथा आयोजना हिसाब प्रमाणीकरण लगायतका विषयमा समय समयमा छलफल अन्तरक्रिया गर्ने गरिएको छ।

- कार्यालयको सञ्चार रणनीतिअनुसार आन्तरिक र बाह्य सञ्चार व्यवस्था अवलम्वन गरिएको छ । सूचना प्रविधिमैत्री कार्यप्रणाली अन्तर्गत लेखापरीक्षण गरिने निकायहरुसँगको सम्बन्ध, लेखापरीक्षणका लागि आवश्यक कागजातको प्राप्ती, लेखापरीक्षण प्रतिवेदन सम्प्रेषण जस्ता कार्य NAMS मार्फत् आदानप्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

ऋ. राष्ट्रिय कार्यक्रम

- सञ्चार रणनीति अनुसार सञ्चार जगतसँग सम्पर्क र समन्वय गर्ने कार्य प्रवक्ता र सूचना अधिकारी मार्फत गर्ने गरिएको छ । सूचनाको हक अन्तर्गत लेखापरीक्षण सम्बन्धमा सूचना माग भएमा उपलव्ध गराउने गरिएको छ । सम्माननीय राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस भएपछि प्रेससम्मेलन गरी प्रतिवेदन सार्वजनिक गर्ने तथा प्रतिवेदन छपाइ गरी सरोकारवालाहरूलाई उपलव्ध गराउने गरिएको छ ।

- लेखापरीक्षण र वित्तीय जवाफदेहितासम्बन्धी गतिविधिहरूका सम्बन्धमा नियमित रूपमा लेखापरीक्षण बुलेटिन, लेखापरीक्षण पत्रिका, वार्षिक प्रगति प्रतिवेदन, सूचनामूलक ब्रोसर, प्रेस विज्ञप्ति आदिको प्रकाशन, प्रसारण र वितरणको व्यवस्था मिलाइएको छ । लेखापरीक्षणसंग सम्बन्धित

सूचना/जानकारी विवरणहरू त्रैमासिक रूपमा बुलेटिन प्रकाशन गरी सम्प्रेषित गर्ने गरिएको छ । लेखापरीक्षणसँग महत्त्वपूर्ण सूचना तथा जानकारी टेलिभिजन कार्यक्रम मार्फत् प्रसार गर्ने गरिएको छ भने आवश्यकतानुसार पत्रकार भेटघाट गर्ने कार्य समेत गर्ने गरिएको छ ।

- सातै प्रदेशमा महालेखापरीक्षकको उपस्थितिमा लेखा तथा लेखापरीक्षण, बेरूजु फर्स्यौट तथा सम्परीक्षण लगायत विषयमा छलफल अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो।
- निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था, बैंकिङ्ग क्षेत्र, ट्रान्सपरेन्सी इन्टरनेशनल, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, नेपाल उद्योग वाणिज्य संघ लगायत संस्थाहरूसँग लेखापरीक्षण, वित्तीय जवाफदेहिता, सेवा प्रवाह आदि विषयमा नियमित छलफल/अन्तरक्रिया गर्ने गरिएको छ ।
- आम जनसमुदायमा आम्दानी, खर्च, विकास र लेखापरीक्षणका बारेमा जानकारी प्रदान गर्न वार्षिक प्रतिवेदन पेस भएपछि पत्रकार सम्मेलन गर्ने, लेखापरीक्षण सारांश पुस्तक छपाइ गरी वितरण गर्ने, कार्यालयमा डिस्प्ले बोर्ड राखी सूचना प्रसारण गर्ने गरिएको छ।
- वित्तीय व्यवस्थापन, लेखा, लेखापरीक्षणसम्बन्धी अध्ययन/अध्यापन गराउने निकायसँग समन्वय गरी त्यस्ता संस्थामा अध्ययनरत व्यक्तिहरूलाई कार्यालयमा प्रशिक्षार्थी (Intern) लिने व्यवस्था कार्यान्वयन हुन बाँकी रहेको छ।

ल. लेखापरीक्षण गुणस्तर आश्वस्ता

- अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाबाट जारी मानदण्ड, २०१६ को आधारमा थाइल्याडको सर्वोच्च लेखापरीक्षण संस्थाबाट नेपालको महालेखापरीक्षकको कार्यालयको समकक्षी पुनरावलोकन (Peer Review of Audit Institution) कार्य शुरूवात भएको छ । सर्वोच्च लेखापरीक्षण संस्थाको Performance Measurement Framework (SAI PMF) विधि अनुसार स्वतन्त्रता एवं कानूनी ढाँचा (Independence and Legal Framework), आन्तरिक सुशासन र नैतिकता (Internal governance and Ethics), लेखापरीक्षणको गुणस्तर एवं प्रतिवेदन (Audit Quality and Reporting), वित्तीय व्यवस्थापन, सम्पत्ति र

सेवाको उपयोग (Financial Management, Assets and Support Services), मानव संशाधन र तालिम (Human Resources and Training), सञ्चार र सरोकारवाला सम्बन्ध व्यवस्थापन (Communication and Stakeholder Management) लगायत विभिन्न ६ वटा पक्षमा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।

पहिलो कार्यक्षेत्रको रुपमा रहेको लेखापरीक्षण संस्थाको स्वतन्त्रता र कानूनी ढाँचा (SAI Independence and Legal Framework) दुईवटा सूचकको आधारमा उक्त संस्थाबाट मूल्याङ्कन हुँदा निम्नुसारको नतिजा हासिल भएको थियो ।

Indicator	Indicator Name	(i)	(ii)	(iii)	(iv)	Overall Score
Domain A	**SAI Independence and Legal Framework**					
SAI-1	Independence of the SAI	3	2	3	3	3
SAI-2	Mandate of the SAI	4	3	4		4

त्यसैगरी, दोस्रो कार्यक्षेत्रको रुपमा रहेको, आन्तरिक सुशासन र नैतिकता (Internal Governance and Ethics) मा ५ वटा सूचकको आधारमा उक्त संस्थाबाट मूल्याङ्कन हुँदा निम्नानुसारको नतिजा हासिल भएको थियो

Domain B	Internal Governance and Ethics					
SAI-3	Strategic Planning Cycle	4	3	4	3	3
SAI-4	Organisational Control Environment	4	3	4	4	4
SAI-5	Outsourced Audits	4	4	3		4
SAI-6	Leadership and Internal Communication	3	4			3
SAI-7	Overall Audit Planning	4	4			4

तेस्रो कार्यक्षेत्र लेखापरीक्षणको गुणस्तर र प्रतिवेदन (Audit Quality and Reporting) को १३ वटा सूचकको आधारमा मुल्याङ्कन हुँदा निम्नानुसारको नतिजा हासिल भएको थियो । कार्यालयले सुधार गर्नु पर्ने क्षेत्र पनि यसैमा देखिएको छ । १३ सूचक मध्ये १२ वटा सूचकमा सुधार गर्नु पर्ने देखिएको छ ।

Domain C	Audit Quality and Reporting					
SAI-8	Audit Coverage	4	3	4		4
SAI-9	Financial Audit Standards and Quality Management	4	3	3		3
SAI-10	Financial Audit Process	2	3	3		3
SAI-11	Financial Audit Results	4	4	2		3
SAI-12	Performance Audit Standards and Quality Management	4	3	2		3
SAI-13	Performance Audit Process	3	3	3		3
SAI-14	Performance Audit Results	4	4	2		3
SAI-15	Compliance Audit Standards and Quality Management	4	1	3		3
SAI-16	Compliance Audit Process	3	3	3		3
SAI-17	Compliance Audit Results	3	4	2		3
SAI-18	Jurisdictional Control Standards and Quality Management	NA				
SAI-19	Jurisdictional Control Process	NA				
SAI-20	Results of Jurisdictional Controls	NA				

चौथो कार्यक्षेत्र वित्तीय व्यवस्थापन, सम्पत्ति र सेवाको समर्थन (Financial Management, Assets and Support Services) को एउटा सूचकको आधारमा मूल्याङ्कन हुँदा निम्नुसारको नतिजा हासिल भएको थियो ।

Domain D	Financial Management, Assets, and Support Services					
SAI-21	Financial Management, Assets, and Support Services	3	4	4		4

पाँचौं कार्यक्षेत्र मानव संशाधन र तालिम (Human Resources and Traing) को दुई वटा सूचकको आधारमा मूल्याङ्कन हुँदा निम्नुसारको नतिजा हासिल भएको थियो ।

Domain E	Human Resources and Training					
SAI-22	Human Resource Management	2	2	4	3	3
SAI-23	Professional Development and Training	4	4	4	4	4

त्यसैगरी छैठौं तथा अन्तिम कार्यक्षेत्र सञ्चार र सरोकारवाला व्यवस्थापन (Communication and Stakeholder Management) को दुई वटा सूचकको

आधारमा मूल्याङ्कन हुँदा निम्नुसारको नतिजा हासिल भएको थियो ।यस विषयक्षेत्रमा पनि सुधारको आवश्यकता देखिएको छ ।

Domain F	Communication and Stakeholder Management					
SAI-24	Communication with the Legislature, Executive and Judiciary	2	4	4	3	3
SAI-25	Communication with the Media, the Citizens and Civil Society Organisations	4	3			3

उल्लिखित तालिकाको सूचकलाई देहाय अनुसार मूल्याङ्कन गरिएको थियोः

0 = Activity not established or does not function.
1 = Founding level – provides a basis for the executive agents to be held to account.
2 = Development level – provides a basis for accountability for the use of public resources.
3 = Established level – provides the basis for accountability of government performance.
4 = Managed level – the SAI is an enabler of improved government performance.

उक्त प्रतिवेदनमा १५ सूचकमा ४ मध्ये ३ अंक र बाँकी १० सूचकमा ४ मा ४ अंक प्राप्त भएको छ । समग्रमा अन्तराष्ट्रिय स्तरबाट महालेखापरीक्षकको कार्यसम्पादन स्तरमा राम्रो नतिजा प्राप्त भएको छ । तथापि १५ सूचकहरूमा ४ मा ३ अंक प्राप्त भएकोले संस्थाको सुधार कार्यमा निरन्तरता दिनुपर्ने देखिएको छ।

उक्त सूचकहरूमा औँल्याइएका कमी कमजोरीहरूमा सुधार गर्न महालेखापरीक्षकको कार्यालयले रणनीतिक योजना (Strategic Plan 2021-2025) जारी गरी सोही अनुसार कार्यसम्पादन गर्दै आएको छ।

परिच्छेद - चार

प्राप्त उपलब्धि र आगामी कार्यदिशा

४.१ कार्यान्वयन रणनीति

कार्ययोजनामा प्रर्वद्धनात्मक (Promotional), निरोधात्मक (Preventive) र उपचारात्मक (Curative) विधि मार्फत सुधार प्रक्रिया अगाडि बढाउने रणनीति अवलम्बन गरिएको थियो। प्रवर्द्धनात्मक रणनीतिअन्तर्गत तालिम, अन्तरक्रिया र सूचना प्रवाहको माध्यमबाट लेखापरीक्षण गर्ने निकायलाई सुसूचित गर्ने तथा वित्तीय अनुशासन कायम गर्न प्रतिवेदनका माध्यमबाट सुझाव प्रेषित गरिएको थियो। कार्य योजना कार्यान्वयनका सन्दर्भमा निवारक रणनीति अन्तर्गत आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण प्रणाली स्थापना गर्ने, आचारसंहिता जारी एवं कार्यान्वयन, ऐन नियम, कार्यविधि तर्जुमा तथा सुधार गरी बेरुजु हुन नदिनेतर्फ लेखापरीक्षण गरिने निकायलाई अभिप्रेरित गरिएको थियो । उपपचारात्मक रणनीति अन्तर्गत सम्बन्धित निकायलाई सुझाव दिने, सुझाव कार्यान्वयनको अनुगमन गर्ने, सुझाव कार्यान्वयनमा उदासीन निकाय र पदाधिकारीलाई कारबाहीको सिफारिस गर्ने तथा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गरी विश्वसनीय बनाउने क्रियाकलाप सञ्चालन गरिएको थियो । कार्ययोजनाको कार्यान्वयनका लागि विभिन्न महानिर्देशनालय, निर्देशनालयको जिम्मेवारी तोकिएको थियो भने सार्वजनिक निकायको सहयोगी भूमिका रहेको थियो ।

४.२ अनुगमन व्यवस्था

कार्ययोजनाको कार्यान्वयन अनुगमन तथा नियमन महालेखापरीक्षकबाट हुने व्यवस्था मिलाइएको थियो । यस प्रयोजनका लागि एक उप-महालेखापरीक्षकको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको थियो । उक्त समितिले सम्बन्धित महानिर्देशनालयहरूलाई कार्यान्वयनको लागि सूचित गर्ने, मासिक रूपमा प्रगति लिने, आइपरेका समस्या सम्बन्धमा महालेखापरीक्षकलाई जानकारी गराउने व्यवस्था मिलाइएको थियो ।

४.३ जोखिम न्यूनीकरण

कार्ययोजना कार्यान्वयनका क्रममा आइपर्ने सम्भावित जोखिमसमेतको मूल्याङ्कन गरिएको थियो। प्रशासनिक पुनर्संरचनाका क्रियाकलापको लागि नेपाल सरकारको र कानून सुधारको लागि नेपाल सरकार र विधायिकाको सहयोग प्राप्त भएको थियो। कार्यालयका सबै कर्मचारी र महानिर्देशनालय तथा निर्देशनालयको सहयोग समन्वय एवं सक्रियता, बजेटको पर्याप्तता, निर्णय प्रक्रियामा हुने ढिलाइ, नेपाल सरकारको सहयोगलाई प्रमुख जोखिमको रूपमा पहिचान गरी उक्त जोखिम न्यून गर्ने व्यवस्था मिलाइएको थियो। यी जोखिमको न्यूनीकरणका लागि कर्मचारीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने, बैठकको माध्यमबाट सूचना प्रवाह, सम्बन्धित निकायबीच नियमित अन्तरक्रिया र परामर्श लिने रणनीति अवलम्बन गरिएको थियो ।

४.४ प्राप्त उपलब्धि

यस कार्ययोजनाको कार्यान्वयनबाट २०७४-२०८० को अवधिमा देहायका प्रमुख उपलब्धि हासिल भएका छन्:

- कार्यालयको संरचना, कार्यप्रणाली, जनशक्तिको क्षमतामा विकास र लेखापरीक्षण पद्धतिमा सुधार भई संगठनात्मक कार्यदक्षता अभिवृद्धि भएको छ। संघ, प्रदेश र स्थानीय तहसम्मको लेखापरीक्षण गर्न आवश्यक दरबन्दी सहित महानिर्देशनालय तथा निर्देशनालयको पुनर्संरचना गरिएको छ।
- लेखापरीक्षणसम्बन्धी नीति, ऐन र नियमावलीमा सुधार भएको छ । नेपालको सार्वजनिक क्षेत्रको लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र साख अभिवृद्धि भएको छ।
- व्यवस्थापिका-संसद तथा संसदीय समितिहरू र संवैधानिक निकायहरूबीच सुझाव, सूचना र सहयोग आदान प्रदान भई वित्तीय र प्रशासनिक क्षेत्रको सुधारमा सहयोग पुगेको छ।
- सरकारी कोषबाट हुने खर्चको दुरूपयोग नियन्त्रण गरी मुद्रा सार्थकता (Value for Money) को मान्यता स्थापित गर्न सहयोग पुगेको छ।

- विकास निर्माण, राजस्व सङ्कलन तथा खर्च व्यवस्थापन र सेवा प्रवाहका क्षेत्रमा पारदर्शिता तथा कार्यदक्षता अभिवृद्धि गराउन प्रयास भएको छ ।
- अर्थतन्त्रका विविध क्षेत्रका नियमनकारी निकायहरूको प्रभावकारिता अभिवृद्धिबाट स्वस्थ एवं प्रतिस्पर्धी अर्थतन्त्र निर्माण गराउन पहल गरिएको छ।
- मुलुकको शासकीय प्रणालीमा अनियमितता तथा खराब प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता अभिवृद्धि गराउन प्रयास गरिएको छ।
- सार्वजनिक निकायका पदाधिकारीहरूमा जिम्मेवारी र जवाफदेहिता बोध गराई आर्थिक अनुशासन कायम गराउन प्रयास भएको छ ।
- कार्यालयले सञ्चालन गरेका गतिविधि र प्रतिवेदनबारे सार्वजनिक रूपमा व्यापक पहुँच बढेको र सरोकारवालाहरूसँगको सम्बन्ध मजबुत भई सूचना तथा सहयोग आदान प्रदानको वातावरण सृजना भएको छ।

४.५ आगामी कार्यदिशा

लेखापरीक्षणको प्रभावकारिता कायम गर्दै अगामी दिनमा गर्नुपर्ने सुधारका कार्यदिशा देहाय बमोजिम हुने महसुस गरिएको छः

४.५.१ संगठन संरचना

- नेपालको संविधान २०७२ लागू भए पश्चात् नेपालको शासन प्रणाली सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक रहेको छ। शासकीय प्रणीलमा सङ्घीय संसद र सङ्घीय सरकार, प्रदेश सभा र प्रदेश सरकार तथा ७५३ स्थानीय तह रहेका छन्। यस प्रणालीमा हाल नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुसार व्यवस्थापिकाको रुपमा सङ्घीय संसद अन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभा, कार्यपालिकाको रुपमा नेपाल सरकार र न्यायपालिकाको रुपमा सर्वोच्च अदालत र मातहत अदालतहरू रहेको छन्। प्रदेशमा व्यवस्थापिकाको रुपमा प्रदेश सभा र कार्यपालिकाको रुपमा ७ वटा प्रदेश सरकार रहेका छन्। स्थानीय तहमा व्यवस्थापिका, कार्यपालिका र न्यायिक कार्य एउटै थलोबाट हुने गरेका छन्।

- यी सबै निकायको लेखापरीक्षकको रुपमा नेपालको संविधानको धारा २४० बमोजिम एक महालेखापरीक्षक रहने व्यवस्था छ । नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकको काम कर्तव्य तोकिएको छ भने लेखापरीक्षण ऐन २०७५ ले महालेखापरीक्षकको लेखापरीक्षणको कामको विस्तृतीकरण गरी सो सम्बन्धी कार्यप्रकृया तोकेको छ। महालेखापरीक्षक संघ प्रदेश र स्थानीय तहको अन्तिम लेखापरीक्षणको लागि एकल साझा निकाय रहेको छ । यस निकायले तीनै तहको लेखा प्रचलित कानून बमाजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रधावकारिता र औचित्यको आधारमा परीक्षण गर्ने व्यवस्था छ ।

- हाल महालेखापरीक्षकले केन्द्रमा रहेको एक कार्यालय मार्फत देश भरिको करिब ७ हजार निकायको परीक्षण गरी प्रतिवेदनहरू प्रस्तुत गर्ने गरेको छ। केन्द्रमा रहेको कार्यालयबाट मात्र कार्यसम्पादन गर्दा भौगोलिक दुरी तथा साधन श्रोतको कमीले गर्दा अपेक्षाकृत रुपमा कार्य प्रभावकारी हुन सकेको छैन । अत: महालेखापरीक्षकको कार्यालयको सङ्गठन संरचना प्रदेश तहसम्म विस्तार गर्नु पर्ने देखिएको छ ।

४.५.२ लेखापरीक्षण प्रभावकारिता

- नेपालको संविधान २०७२ को धारा २४१(३) मा महालेखापरीक्षक र निजका कर्मचारीले जुनसुकै बखत लेखा श्रेस्ता हेर्न/जाँच्न पाउने व्यवस्था छ ।त्यसै गरी लेखापरीक्षण ऐन २०७५ को दफा १९(६) मा चल र अचल सम्पत्तिको ठूलो हानि नोक्सानी भएको वा तत्कालै कारबाही नगरे त्यस्तो हानि नोक्सानी हुन सक्ने देखिएमा महालेखापरीक्षकले जुनसुकै बेला त्यस्तो कारोबारको लेखापरीक्षण गरी राष्ट्रपति वा प्रदेश प्रमुख समक्ष प्रतिवेदन पेस गर्ने सक्ने व्यवस्था छ। यो व्यवस्था हालसम्म प्रयोग हुन सकेको अवस्था छैन।प्रत्येक वर्ष बेरुजुको अंक बढ्दै हालसम्मको कुल बेरुजु रु. ५८७ अर्ब र कारबाही टुङ्गो लगाउन बाँकी रु. ३७३ अर्ब समेत रु. ९६० अर्ब पुगेको छ। यो बेरुजु रकममध्ये करिब ६० प्रतिशत अंक लेखा श्रेस्ता पेस नगरेको वा ऐन, नियम, नीति विधि, प्रकृया प्रणाली अवलम्बन नगरेको अनियमित भनी देखाइएको छ। यो रकम भित्र गम्भीर प्रकृतिका कानूनी र प्रकृयात्मक त्रुटिहरू समेत रहेका छन। यस अवस्थामा सरकारी लेखा श्रेस्ता र काम

कारबाही नियमित रुपमा नजिकबाट अनवरत रुपमा निरीक्षण र परीक्षण गर्नु पर्ने अवस्था रहेको छ।

- केन्द्रमा रहेको एक कार्यालयबाट नियमित रुपमा निरीक्षण र जाँच गर्नका सहज नभएको अवस्था छ । जसको कारण सरकारी धन र श्रोत प्रयोगको मूल्यको सार्थकता नजिकबाट समेट्न सकिएको छैन। यसै कारणले सातवटा प्रदेशमा महालेखापरीक्षकका प्रदेश कार्यालय स्थापना गर्ने नेपाल सरकारबाट संगठन संरचना स्वीकृत भई दरबन्दी समेत क्रमशः पदपूर्ति भइरहेको अवस्था छ । प्रदेशमा कार्यालय स्थापनाको लागि पटक पटक प्रयास गर्दा पनि भवन लगायतका आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गर्न नसकिएको कारणले हाल स्थगित भएको छ ।
- विगतमा सङ्घीय सरकारी निकायहरू मात्र लेखापरीक्षणको कार्यक्षेत्र रहेकोमा स्थानीय तह र प्रदेश समेतको कामको जिम्मेवारी थपिएको अवस्थामा दीर्घकल सम्म केन्द्रीय संरचनाबाट मात्र कार्य सम्पादन गर्न सम्भव हुने अवस्था छैन। यसैगरी प्रत्येक वर्ष चैत्र मसान्तमा प्रतिवेदन पेस गरेपछि अर्को आर्थिक बर्षको शुरुसम्म करिब ३-४ महिना कार्यालयका अधिकांश कर्मचारीले सम्पादन गर्ने दैनिक कार्यको कमी रहेको छ। तसर्थ यथासक्य प्रदेशस्तरमा शीघ्र कार्यालय स्थापना गरी नजिकबाट अनवरत सरकारी निकायहरूको लेखा र सो सम्बन्धी कार्यको नियमित जाँच, निरीक्षण तथा परीक्षणको व्यवस्था गनु पर्ने देखिन्छ । विश्वमा सरकारी लेखापरीक्षणका लागि विभिन्न मोडेलका निकायहरू रहे तापनि हाल नेपालको संविधानमा व्यवस्था भएको एकल महालेखापरीक्षकको अवधारणा अनुसार नै प्रदेशस्तरमा कार्यालयस्थापना गरी थप कार्य प्रभावकारी बनाइनु उपयुक्त हुने देखिन्छ ।

४.५.३ लेखापरीक्षण कार्यप्रणाली

- महालेखापरीक्षकले देशभर छरिएका करिव ७ हजार निकायको प्रत्येकको छुट्टा छुट्टै एकाईको रुपमा परीक्षण गर्नु पर्ने व्यवस्था छ। आर्थिक कार्यविधि सम्बन्धी ऐन, नियमहरूमा लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिहरूको व्यवस्था रहेको छ। छुट्टा छुट्टै निकाय मानी लेखापरीक्षण गरी ती निकायलाई मात्र जिम्मेवार बनाउँदा मातहतका निकायहरू लेखाउत्तरदायी अधिकृतप्रति

पूर्ण रुपमा उत्तरदायी हुन सकेका छैनन् । तसर्थ मन्त्रालय तथा निकायका लेखाउत्तरदायी अधिकृतहरूलाई पूर्ण जिम्मेवार तथा उनिहरुप्रति मातहतका निकाय उत्तरदायी बनाउनु पर्ने देखिन्छ । यस अवस्थामा परीक्षण गरिने निकायहरूको संख्या कटौटी गर्न सकिन्छ । यस्तो गरिँदा सङ्घीय मन्त्रालयहरू र संवैधानिक आयोग तथा निकायहरू, प्रदेश मन्त्रालय र निकायहरू लाई मात्र परीक्षण निकाय मानी ती निकाय मार्फत गर्न सकिन्छ भने स्थानीय तहहरू लाई एकल निकायको रुपमा मान्न सकिन्छ । यस्तो विधि अवलम्बन गर्दा प्रत्यक्ष परीक्षण गर्ने निकायहरू करिब एक हजारको संख्यामा कायम गर्न सकिन्छ । Controlled and controlling Entity को अवधारणा लागू गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र अन्य नियमावली हरूमा केही सुधार गर्न जरुरी हुन्छ ।

- हाल कार्यालयबाट जोखिमको आधारमा विद्युतीय प्रणालीबाट लेखापरीक्षण भइरहेकोछ । यस अन्तर्गत सार्वजनिक निकायहरूलाई उच्च जोखिम र न्यून जोखिमयुक्त निकायमा वर्गीकरण गरिएको छ । उच्च जोखिमयुक्त निकायहरूको लेखापरीक्षण एक एक गरेर कार्यालयमा नै उपस्थित भई स्थालगतरुपमा हुने गरेको छ भने न्यून जोखिमका निकायहरूको तोकिएका विवरण विद्युतीय प्रणालीमा प्राप्त गरी आन्तरिक लेखापरीक्षणको प्रतिवेदन समेतको आधारमा अन्तिम प्रतिवेदन जारी हुने गरेको छ। यस पद्धतिमा करिब आधा आधा निकायहरू उच्च र न्यून जोखिममा पर्ने गरेको देखिन्छ। अहिले पनि न्यून जोखिमका निकायहरूको लेखापरीक्षण आन्तरिक लेखापरीक्षण प्रतिवेदन र प्रमाणित वित्तीय विवरणमा नै आधारित रहेकाले यस्लाई औपचारिक रुपमा नै महालेखा नियन्त्रक कार्यालय, अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको जिम्मा लगाई थप जनशक्ति र भौतिक पूर्वाधार व्यवस्थित गर्न सकेमा प्रत्येक जिल्लास्तरमा नै प्रभावकारी तरिकाले परीक्षण गर्न सकिने अवस्था देखिएकोले यस्तो विकल्पलाई पनि भविष्यमा सोच्न सकिन्छ । यो विकल्प अन्य संवैधानिक निकायहरू जस्तैः निर्वाचन आयोगले जिल्ला प्रशासन कार्यालयमा केही कर्मचारी खटाई निर्वाचन सम्वन्धी काम गरेको पाइन्छ । अख्तियार

दुरुपयोग अनुसन्धान आयोगले समेत अधिकार प्रत्यायोजन मार्फत काम गर्ने प्रचलन रहेको छ ।

- भारत, पाकिस्तान,बंगलादेश लगायत धेरै मुलुकमा महालेखापरीक्षक र नियन्त्रकको काम एउटै निकायवाट हुने गरेका अभ्यास पनि छन् । यदि यो पद्धति स्वीकार्य भएमा नमूनाको रुपमा शुरुवात गरी अनुभवको आधारमा भविष्यमा यस दिशा तर्फ पनि जान सकिने संभावना खुल्ला राखु उपयुक्त हुनेछ । हाल सङ्घीय महालेखा नियन्त्रक कार्यालय अन्तर्गत कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश सरकार अन्तर्गत प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयहरू स्थापना भई दोहोरा संरचना रहेको सन्दर्भमा सरकारी संयन्त्रको संख्या घटाउन, कामको दोहोरो पना हटाउन तथा समन्वयात्मक ढंगबाट मुलुकको वित्तीय प्रशासन संचालन गर्न सहज उपाय हुन सक्तछ । यसको लागि परीक्षकको र नियन्त्रकको कार्य जिम्मेवारी स्पष्ट किटान हुन भने आवश्यक हुन्छ । यस अवस्थामा महालेखापरीक्षकको मातहतमा प्रदेशस्तरमा छुट्टै कार्यालय स्थापना गर्न आवश्यक समेत पर्दैन।
- विद्युतीय लेखापरीक्षण व्यवस्थापन अन्तर्गत Face less audit, Remote Audit, Paper less audit लाई निरन्तरता दिई थप सुधारका कार्य गर्नुपर्छ। वित्तीय, कार्यमूलक र परीपालनाको लेखापरीक्षण प्रतिवेदन छुट्टाछुट्टै जारी गर्ने व्यवस्था हुनुपर्दछ।
- लेखापरीक्षणका नवीन अवधारणाहरू लैङ्गिक लेखापरीक्षण, विधिविज्ञान लेखापरीक्षण, वातावरणीय लेखापरीक्षण जस्ता अवधारणाहरू कार्यन्वयन गर्नुपर्छ। लेखापरीक्षणमा नागरिक समाजको संलग्नता वृद्धि गर्नुपर्छ। लेखापरीक्षण गरिने निकायको जोखिम तथा गाम्भीर्यताको विश्लेषण गरी सामयिक तथा अनुसन्धानमूलक लेखापरीक्षण गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ।
- लेखापरीक्षणको गुणस्तर वृद्धि गर्न लेखापरीक्षण मानदण्ड लेखापरीक्षण निर्देशिका, वार्षिक मन्त्रालयगत र इकाइगत लेखापरीक्षण योजना, प्रारम्भिक प्रतिवेदन जारी पूर्वको गुणस्तर पूनरावलोकन, गुणस्तर आश्वस्तता जस्ता

व्यवस्थाहरू विद्यमान भए तापनि लेखापरीक्षण प्रतिवेदनहरूको गुणस्तर र विश्वसनीयता सुधार गर्न देहायका पक्षहरूमा ध्यान दिनुपर्ने देखिएको छ।

- वार्षिक, मन्त्रालयगत र एकाइगत लेखापरीक्षण योजनामा सुधार गरी जोखिममा आधारित लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाई सो अनुसार जनशक्ति परिचालन गर्नुपर्दछ।
- बिल भर्पाइ, जोड जम्मा र स-साना कार्य सञ्चालनस्तरको विषय, परीक्षणका लागि आन्तरिक लेखापरीक्षण एवं नियन्त्रण प्रणालीलाई संलग्न गराई सापेक्षित रुपमा ठूला, प्रभावयोग्य र नीतिगत तथा कार्य सम्पादनसँग सम्बन्धित विषयमा मात्र अन्तिम लेखापरीक्षणलाई केन्द्रित गराउने नीति प्रभावकारी रुपमा अवलम्वन गर्नुपर्दछ।
- लेखापरीक्षणको उद्देश्य अनुरुप लेखापरीक्षण प्रतिवेदनको शुद्धता, गुणस्तर र प्रभावकारिता वृद्धि गर्न Pre Issuance Review, लेखापरीक्षण पूर्व र पश्चातको छलफल जस्ता कार्यविधि एवं प्रक्रियालाई नतिजामुखी बनाउने तर्फ थप प्रयत्न गर्नुपर्दछ।
- लेखापरीक्षणको गुणस्तरका लागि लेखापरीक्षकको योग्यता, क्षमता र क्रियाशीलता पनि उत्तिकै महत्त्वपूर्ण रहने हुँदा कर्मचारी सरुवा र पदस्थापनाका क्रममा उचित सावधानी अपनाई विषय वस्तुको प्रकृति, कर्मचारीको क्षमता र अपेक्षित नतिजा प्रदान गर्न सक्ने पक्ष समेतलाई विचार गरी कर्मचारी पदस्थापना एवं परिचालन गर्नुपर्दछ।
- सुपरिवेक्षक पुनरावलोकन र गुणस्तर आश्वस्तता मूल्याङ्कनको नतिजा अनुसार लेखापरीक्षण प्रतिवेदन उपर सम्बन्धित टोली प्रमुख र कर्मचारीलाई प्रत्यक्ष जिम्मेवार र जवाफदेही बनाई त्यसलाई निजको कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गर्ने प्रणालीको विकास गर्नुपर्दछ।

४.५.४ प्रतिवेदन प्रणाली

- सरकारी लेखापरीक्षकले विभिन्न विधिबाट आफ्ना प्रतिवेदन पेस गर्ने व्यवस्था छ । नेपालको महालेखापरीक्षकले अन्य संबैधानिक निकायहरू सरहनै संविधानको धारा २९४ अनुसार आफूले गरेको कामको वार्षिक प्रतिवेदन

सम्माननीय राष्ट्रपति समक्ष र प्रदेशको काम कारबाहीको हकमा प्रदेश प्रमुख समक्ष पेस गर्ने व्यवस्था छ। महालेखापरीक्षकले प्रतिवेदन पेस गर्नेसम्वनधमा विश्वमा विभिन्न प्रकृयाहरू अपनाएको पाइन्छ। सोमध्ये महालेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनहरू सिधै संसदको सभामुख समक्ष पेस गरी छलफल हुने व्यवस्था छ । यस अनुसार लेखापरीक्षण प्रतिवेदन सिधै संसदमा पठाइन्छ र वार्षिक कार्य प्रतिवेदन छुट्टै बनाई राष्ट्रप्रमुख समक्ष पेस गर्ने प्रचलन छ ।

- नेपालको हकमा लेखापरीक्षणका सबै प्रमुख व्यहोरा समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्ने प्रचलन रहेको छ । यसले गर्दा वर्षभरिको कामको विवरण तथा लेखापरीक्षणबाट देखिएका व्यहोरा एकै पटक एउटै पुस्तकमा समेट्ने प्रचलनले पठनीय नभएको र बोझिलो देखिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ र सो भन्दा अघि संविधानमा महालेखापरीक्षकको प्रतिवेदन सम्बन्धमा महालखोपरीक्षककै भागमा स्पष्ट उल्लेख भएको पाइन्छ। मन्त्रालय/निकायगत लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनलाई छुटटा छुटटै प्रस्तुत गर्ने व्यवस्था गरिनु उपयुक्त हुने देखिन्छ ।

४.५.५ महालेखापरीक्षकको स्वायत्तता तथा स्वतन्त्रता

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको स्वायत्तता तथा स्वतन्त्रता बिश्वभर नै चासोको विषय रहेको छ । प्रशासकीय, वित्तीय तथा कार्यात्मक स्वायतताको बारेमा मेक्सको तथा लिमा घोषणापत्रहरूसमेत जारी भएका छन् । सर्वोच्च लेखापरीक्षण संस्थाहरूको स्वायत्तता तथा स्वतन्त्रताको सम्वन्धमा विश्व बैंक लगायतका निकायहरूबाट नियमित मूल्यांकन पनि हुने गरेको छ। विश्वबैंक बाट हालै प्राप्त SAIs Independence Index 2023 को मस्यौदा प्रतिवेदन अनुसार १० वटा विषयको मूल्यांकन गरिने र सो मध्ये ३ वटा विषयमा ५० प्रतिशत अंक मात्र प्रस्ताव गरेको देखिन्छ । यस अनुसार पूर्णाङ्क १० मा ८.५ मात्र प्राप्त हुने स्थिति छ । ती ३ वटा विषयहरूमा वित्तीय स्वायतता, प्रशासकीय स्वायत्तता, कार्यालय व्यवस्थापन र कार्यात्मक स्वायत्तता र जनशक्ति परिचालन वा प्रशासकीय स्वायत्ततताको विषयमा कमी रहेको निचोड निकालिएको छ।यसका साथै सर्वोच्च लेखापरीक्षण संस्थाहरूको समकक्षी मूल्यांकन पनि हुने गर्दछ ।नेपालको महालेखापरीक्षकको पछिल्लो पटक

थाईल्याण्डको महालेखापरीक्षक कार्यालयबाट मूल्यांकन भएको थियो । जसमा नेपाले अधिकांश सूचकमा उत्कृष्ट अंक प्राप्त गरेको छ ।

- नेपालको संविधान, २०७२ ले महालखोपरीक्षकलाई स्थानीय तह र प्रदेश स्तर समेतको लेखापरीक्षणको जिम्मेवारी थप भएपछि सो अनुसार जनशक्ति र भौतिक पूर्वाधार व्यवस्थापन गर्न निकै कठिनाइ पऱ्यो । पटक पटकको प्रयासबाट संगठन तथा व्यवस्थापनको सर्वेक्षण पश्चात् ४४९ जनाको दरबन्दीबाट ६४३ पुगे तापनि किस्ताबन्दी पदपूर्तिका कारण अझसम्म पूर्ण पदपूर्ति भएको छैन । प्रदेश स्तरसम्म कार्यालय स्थापना गर्ने निर्णय भएता पनि आवश्यक बजेट र भौतिक पूर्वाधारको कमीले हालसम्म सथापना हुन सकेको छैन । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ का केही प्रावधानहरू र लेखापरीक्षण ऐन, २०७५ सँग तादात्म्यता कायम नहुँदा संविधानतः पर्याप्त अधिकार रहँदा रहँदै पनि कार्यात्मक स्वायत्ततामा संकुचन हुने अवस्था आएको छ । महालेखापरीक्षक संसदलाई प्रतिवेदनहरू मार्फत सूचना प्रवाह गरी सहयोग गर्ने निकाय हो भने सरकारका काम कारबाही परीक्षण गरी कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझावहरू प्रदान गर्ने निकाय समेत हो ।तसर्थ महालेखापरीक्षकको सङ्घीय संसद, प्रतिनिधि सभा र नेपाल सरकारबीच अन्योन्याश्रित सम्बन्ध कायम हुनु पर्दछ।
- नेपालको संविधानको धारा २४१(३) मा महालेखापरीक्षकको आफ्ना छुट्टै कर्मचारी रहने व्यवस्थाको परिकल्पना गरिएको छ। महालेखापरीक्षकको कार्यालय स्थापना कालमा छुट्टै कर्मचारी रहेको र त्यस्को संचालन महालेखापरीक्षकको कार्यालयबाट भइआएको थियो । २०६२।०६३ मा निजामती सेवा ऐन, २०४९ को संशोधनमा नेपाल लेखापरीक्षण सेवालाई समेत निजामती सेवामा समावेश गरिए पश्चात् यस सेवाको सञ्चालन नेपाल सरकार, अर्थ मन्त्रालय मार्फत भइरहेको छ । यस्तो व्यवस्था सैद्धानितकरुपमा महालेखापरीक्षकको स्वायतता तथा स्वतन्त्रताको प्रतिकूल देखिन्छ । यसमा सुधार हुन जरुरी छ । निजामती सेवाभित्रै नेपाल लेखापरीक्षण सेवालाई राखिए तापनि सेवाको सञ्चालन महालेखापरीक्षकको

कार्यालयबाट हुनु पर्दछ । यस सम्बन्धमा नेपाल सरकार समक्ष औपचारिक रुपमा लिखित जानकारी समेत गराइसकिएको छ ।

४.५.६ कर्मचारी व्यवस्थापन तथा सुविधाको वैकल्पिक व्यवस्था

- निजामती सेवाभित्र विभिन्न १० वटा सेवा रहेका छन् । माथि उल्लेख गरे जस्तो महालेखापरीक्षक र महालेखा नियन्त्रक कार्यालयको कार्य एकीकृत गर्ने सन्दर्भ र अवधारणा आएमा भारत लगायतका देशको अनुभवबाट यी दुई सेवाका कर्मचारी एकीकृत गरी महालेखापरीक्षक तथा नियन्त्रक अन्तर्गत परिचालन गर्न पनि सकिन्छ । यो सरकारी वित्त व्यवस्थापनको एक प्रभावकारी कदम हुन सक्तछ।

- त्यसैगरी महालेखापरीक्षकको कार्यालयमा कार्यरत कर्मचारीहरूलाई निजामती सेवाका अन्य कर्मचारीले पाए भन्दा बढी र फरक कुनै सुविधा दिन सकिने व्यवस्था छैन। लेखापरीक्षण एक विशेष सीप र क्षमता प्रयोग गरी गरिने कार्य र अधिकांश समय स्थलगतरुपमा समेत खट्नु पर्ने पेशा भएकोले यसलाई छुट्टै सुविधा दिने गरिन्छ । नेपालकै हकमा पनि छुटै नियमावलीबाट सेवा सञ्चालन भइरहेको अवस्थामा महालेखापरीक्षकको निर्णयले नीति बनाई विशेष सुविधाहरू दिने व्यवस्था रहेको थियो ।हाल ती पुराना सुविधाका व्यवस्था सबै खारेज भएका छन् ।

- विगतमा कर्मचारीलाई प्राप्त भएको प्रोत्साहन भत्ता पनि कटौती भएको छ। तसर्थ यस सेवामा कार्यरत कर्मचारीमा खास हौसला प्रदान गर्ने कुनै सुविधाको व्यवस्था हुन सकेको छैन। समकक्षी अन्य आयोगहरुमा कार्यरत कर्मचारीलाई कार्यस्म्पादनको आधारमा छुट्टै भत्ता सुविधा दिने व्यवस्था हाल पनि कायम छ । तसर्थ महालेखापरीक्षकको कार्यालयमा कार्यरत कर्मचारीलाई कार्यसम्पादनको आधारमा महालेखापरीक्षकको निर्णयले विशेष प्रकारका सुविधाहरू दिने व्यवस्था मिलाई यी सेवामा कार्यरत कर्मचारीको मनोबल उच्च राख्नु पर्दछ । लेखापरीक्षकको मनोबल उच्च राख्न सकेमा वित्तीय प्रशासनमा शुद्धता कायम गर्नमा रहयोग मिल्नेछ ।

४.५.७ वित्तीय अनुशासन र जवाफदेहिता

- महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनमा परेका बेरुजु तथा व्यहोराहरू फर्स्यौंटको प्रभावकारी व्यवस्था हुन सकेको छैन । बेरुजु फर्स्यौंट सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र लेखापरीक्षण ऐन, २०७५ मा समेत एक आपसमा विरोधाभाष पूर्ण व्यवस्थाहरू छन् । लेखापरीक्षणबाट देखिएका बेरुजु तथा प्रणाली र पद्धति सम्बन्धी व्यहोराहरूलाई संवेदनशील ढंगले लिने व्यवस्था गरिनु पर्दछ। अन्तिम लेखापरीक्षणबाट दर्शाइएका बेरुजु तथा अनियमिततालाई सार्वजनिक पदाधिकारीहरूको वृत्ति विकास तथा सुविधामा समेत जोडिनु पर्दछ । जुन पदाधिकारीको कार्यकालमा बेरुजु परेको छ सम्बन्धित व्यक्तिलाई पनि उत्तिकै जिम्मेवार र जवाफदेही बनाइनु पर्दछ । प्रत्येक वर्ष जस्तो एकै प्रकृतिका व्यहोराहरू दोहोरिएको अवस्थामा त्यस्ता विषय र पदाधिकारीहरू उपर विशेष कारवाहीको व्यवस्था गरिनु पर्दछ ।

- सरकारी पदाधिकारीहरूलाई कार्यालय प्रमुख, विभागीय प्रमुख, मन्त्रालयको सचिव वा बिशेष जिम्मेवारी दिनुपर्दा र लेखा प्रमुखको जिम्मेवारी दिँदा विगतको आर्थिक अनुशासन पालनाको स्थिति विश्लेषण गरेर भरपर्दो र जिम्मेवार भए मात्र दिने व्यवस्था गरिनु पर्दछ । साथै सार्वजनिक संस्थान र प्रतिष्ठानहरूमा कुनै व्यक्तिलाई कुनै जिम्मेवारी दिनु पर्दा वित्तीय अनुशासन पालनाको स्थिति र भविष्यमा सुनिश्चितता पश्चात मात्र जिम्मेवारी दिनु पर्दछ ।

- नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकले पेस गरेको वार्षिक प्रतिवेदन र प्रदेशको काम कारबाहीबारेको प्रतिवेदन क्रमशः सङ्घीय संसद र प्रदेश संसद समक्ष निश्चित अवधिभित्र पेस गर्नु पर्ने देखिन्छ। साथै, स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन समयमै सम्बन्धित सभामा पेस गर्ने व्यवस्था गर्नुपर्दछ। प्रतिवेदनका व्यहोरा उपर एक वर्षभित्रै छलफल गरी टुङ्गो लगाउनुपर्दछ।

- आर्थिक कारोबारमा अनियमितता गर्ने, एकै प्रकृतिका बेथितिको पुनरावृत्ति गरिरहने र लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोराको कार्यान्वयनमा उदासीनता देखाउने कार्यलाई कार्य सम्पादन मूल्यांकनसँग आबद्ध गरी लेखा

उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिलाई जवाफदेही र उत्तरदायी बनाउन वृत्ति विकास, पदस्थापना र विशेष जिम्मेवारी दिँदा बेरूजु र बेरूजु फर्स्यौंटलाई समेत आधार लिने कानूनी व्यवस्था गर्नुपर्दछ ।

- कार्यकारी पदमा रहने राजनीतिक नियुक्ति, निर्वाचित व्यक्ति र कार्यालय प्रमुख तथा लेखा प्रमुखले आर्थिक कार्यविधि सम्बन्धी निश्चित अवधिको तालिम लिने व्यवस्था गरिनुपर्दछ। साथै, ती पदाधिकारीले वार्षिक कार्यक्रम र कार्य विवरणबमोजिम गर्नुपर्ने कार्य, कार्यान्वयन गरेका कार्य तथा गरेका आर्थिक कारोबारको खुलासा हुने प्रतिवेदन सार्वजनिक गर्ने कानूनी व्यवस्था गर्नुपर्दछ ।

अनुसूची-१

महालेखापरीक्षकको कार्य योजनाको मूल्याङ्कन

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
१	**संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार**				
१.१	**संगठन संरचना**				
	संगठन तथा व्यवस्थापन सर्वेक्षण	क	√		
	संगठन पुनर्संरचना गरी स्थलगत लेखापरीक्षण	ख	√		
	सूचना तथा सञ्चार एकाइ गठन	ग	√		
	लेखापरीक्षण सक्षमता केन्द्र स्थापना	घ			√
	लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन, अनुगमन तथा बेरुजु फछ्यौंट एकाइ स्थापना	ङ	√		
	लेखापरीक्षण गुणस्तर आश्वस्तता एकाइको सुदृढीकरण	च	√		
	विशेष विषयगत क्षेत्रीय लेखापरीक्षण एकाइ स्थापना	छ		√	
१.२	**भौतिक पूर्वाधार**				
	भौतिक पूर्वाधार आवश्यकता निर्धारण समिति गठन गरी पूर्वाधारको व्यवस्थापन	क	√		
	केन्द्रीय कार्यालय भवन निर्माण	ख	√		
	अपाङ्गमैत्री सुविधासहितको आधुनिक भौतिक सुविधा	ग	√		
	सवारीसाधन, फर्निचर, मेसिनरी तथा उपकरणको व्यवस्था	घ	√		
	सूचना प्रविधिमैत्री पूर्वाधारको विकास	ङ	√		
	लेखापरीक्षण गरिने निकायमा लेखापरीक्षण कक्ष तथा डोर कार्यालयको व्यवस्था	च		√	
१.३	**जनशक्ति व्यवस्थापन तथा क्षमता बिकास**				
	दीर्घकालीन जनशक्ति योजना तर्जुमा गरी कार्यान्वयन	क	√		
	लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा	ख	√		
	विषय विज्ञहरूको परामर्श सेवा लिने व्यवस्था	ग	√		
	पेशाविद कर्मचारीहरूको वृत्ति विकास तथा विशेष सुविधाको व्यवस्था	घ	√		
	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सँगसँगै तालिमको व्यवस्था	ङ	√		
	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा प्रशिक्षणको माध्यमबाट कर्मचारीहरूको क्षमता अभिवृद्धि	च	√		

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
	विशेष पाठ्यक्रम तर्जुमा गरी कर्मचारीलाई सूचना प्रविधिमैत्री र सीपयुक्त बनाउने	छ	√		
	कर्मचारीलाई लामो अवधिको अध्ययनको व्यवस्था गर्ने	ज		√	
	I DEA तथा अन्य सफ्टवेयरहरूको खरिद एंव नवीकरण	झ	√		
१.४	**कर्मचारी सुविधा र सम्बन्ध**				
	विशेष प्रोत्साहन प्रणालीको कानूनी व्यवस्था	क			√
	कार्यविवरणअनुसार कार्यसम्पादन सम्झौता गरी नतिजामा आधारित मूल्याङ्कन	ख	√		
	कर्मचारी कल्याणकारी कोषको सञ्चालन	ग			√
	कर्मचारी परिवार तथा सन्ततिका लागि अधिकाधिक सुविधा	घ			√
	आन्तरिक सामाजिकीकणका कार्यक्रम सञ्चालन	ङ	√		
	गुनासो सुनुवाइ तथा समस्या सम्बोधन	च	√		
	वृत्ति विकाससँगका मागहरूको उचित सम्वोधन	छ	√		
	स्वस्थ कार्यवातावरण र परिस्कृत कार्य संस्कृतिको विकास	ज	√		
	कार्यालय समयपालना, नियमितता तथा पोशाक र परिचयपत्रको प्रयोग	झ	√		
	नवीन सोच, सिर्जनशीलता तथा नयाँ अवधारणाको उपयोगामा अभिप्रेरित गरिने	ञ	√		
	अनुशासन, पदीय आचरण र लेखापरीक्षण आचारसंहिता पालनाका लागि अनुगमन संयन्त्र बनाइने	ट	√		
१.५	**कार्यप्रणालीमा सुधार**				
	वस्तुनिष्ठता, विश्वासनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकास	क	√		
	स्वचालित कार्यालय प्रणाली तथा सिसिटिभी जस्ता उपकरणको व्यवस्था	ख	√		
	प्रभावकारी आन्तरिक लेखापरीक्षण	ग	√		
	तहगत अधिकार प्रत्यायोजन गरी जिम्मेवारी तथा जवाफदेहिता तोकिने	घ	√		
	वार्षिक योजना समयमै तयार गरी सार्वजनिक निकायहरूलाई जानकारी गराउने	ङ	√		

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
	लेखापरीक्षण हुन बाँकी एकाइ यकिन गरी बक्यौता रहेका निकायहरूसँग सम्वय गरिने	च	√		
	दातृ निकायको सहयोगमा सञ्चालित परियोजनाहरूको लेखापरीक्षण समयमै सम्पन्न गर्ने व्यवस्था	छ	√		
	लेखापरीक्षण गरिने निकायहरूलाई लेखापरीक्षण हुने समय, आवश्यक पर्ने सूचना र कर्मचारीबारे अग्रिम जानकारी दिइने	ज	√		
	सम्परीक्षणको लागि अनुरोध भएको तर सम्परीक्षण हुन नसकेकोमा कारण उल्लेख गरी जानकारी गराउने	झ	√		
	सार्वजनिक सूचना जारी गरी जिल्लागत लेखापरीक्षण डोर खटाउने तथा डोरहरूको अनुगमन गर्ने	ञ	√		
	लेखापरीक्षण गर्दा जिम्मेवार पदाधिकारीहरूसँग अन्तरक्रिया गरी औचित्य प्रमाणित गर्ने तथा प्रमाण पेस गर्ने मौका दिइने	ट	√		
	संवेदनशील, हिनामिना तथा हानि-नोक्सानी भएका विषयहरू प्रतिवेदन लिई अनुगमन गरिने	ठ	√		
	जटिल प्रकृतिका र तत्काल फछ्यौंट हुन नसक्ने विषयहरूमात्र प्रतिवेदनमा समावेश गर्ने नीति अवलम्बन	ड	√		
	जिम्मेवार पदाधिकारीले कैफियत र संवेदनशील विषयहरू फछ्यौंट गर्न उदासीनता देखाएमा तत्कालै उच्च व्यवस्थापनलाई जानकारी गराइने व्यवस्था	ढ	√		
	सार्वजनिक निकायहरूबाट प्राप्त विषयहरू तत्काल सम्बोधन गरी फरफारक गर्ने व्यवस्था मिलाउने	ण	√		
	सेवाग्राही सर्वेक्षणको माध्यमबाट कार्यालयको कार्यप्रक्रिया सुधार गरिने	त		√	
	वैज्ञानिक कार्य फछ्यौंट गर्ने पद्धति कार्यानवयनमा ल्याउन आन्तरिक कार्य सञ्चालन कार्याविधि तर्जुमा	थ	√		
२	**लेखा, लेखापरीक्षणसम्बन्धी नीतिगत तथा कानूनी सुधार**				
	लेखा, लेखापरीक्षण सम्बन्धी ऐन, नियम तथा कार्याविधि र नीतिगत व्यवस्थामा परिमार्जन गरी कार्यान्वय	क	√		
	अन्तर्राष्ट्रिय लेखापरीक्षण संस्थाहरूद्धारा जारी गरिएका मापदण्ड तथा असल अभ्यासको प्रयोग	ख	√		
	लेखापरीक्षण ऐन तर्जुमा	ग	√		
	लेखापरीक्षण नियमावली तर्जुमा	घ		√	

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
	लेखापरीक्षण सेवा सञ्चालन नियमावली तर्जुमा	ङ	√		
	वित्तीय जवाफदेहिता कानून जारी गर्न पहल गर्ने	च	√		
	वित्तीय र प्रशासकीय स्वायत्तता हासिल गर्न कानूनी सुधार गर्ने	छ		√	
	सार्वजनिक क्षेत्र लेखामानको सन्दर्भमा नियन्त्रक तथा नियन्त्रित निकाय तोकी जवाफदेहितको सुनिश्चितता गर्न आर्थिक कार्यविधि ऐनमा परिमार्जन गर्न सुझाव दिने	ज	√		
	विद्यमान लेखा ढाँचाको परिमार्जन गर्न सुझाव दिने	झ	√		
	सार्वजनिक निकायहरूले प्रयोगमा ल्याउने सूचना प्रणालीको वैधानिकता महालेखापरीक्षकबाट स्वीकृत गराउने व्यवस्था	ञ			√
	अर्थतन्त्रको हेर्नुपर्ने विविध विषयबारे नियमनकारी निकायमार्फत नीतिगत र कानुनी व्यवस्था गर्ने	ट		√	
३	**लेखापरीक्षण प्रक्रियामा सुधार**				
	वित्तीय, कार्यमूलक, परिपालना तथा विशेष लेखापरीक्षण मानदण्ड, निर्देशिकाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक गरी कार्यान्वयन गर्ने	क	√		
	तीनै तहका सरकारको लेखापरीक्षण तथा प्रतिवेदन पद्धति सम्बन्धमा लेखापरीक्षण निर्देशिका र मार्गदर्शन तयार गरी लागू गरिने	ख	√		
	नियन्त्रक नियकायहरूको वित्तीय विवरणमा राय प्रदान गरिने	ग	√		
	लेखापरीक्षण सम्पन्न हुने बित्तिकै निकायगत लेखापरीक्षण प्रतिवेदन जारी गरी वार्षिक प्रतिवेदन पेस गर्ने	घ	√		
	Standard Operating Procedure तयार गरी संगठित संस्थाहरूको लेखापरीक्षण संचालन तथा अनुगमन गर्ने	ङ	√		
	पूर्णस्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षण कार्यालयका कर्मचारीबाट समेत गर्ने र सञ्चालन दक्षता उत्पादन र सेवाप्रवाहको प्रभाव मूल्याङ्कन गरिने	च	√		
	वित्तीय, कार्यमूलक र परिपालना लेखापरीक्षण प्रतिवेदन छुट्टाछुट्टै जारी गर्ने	छ	√		
	लेखापरीक्षकको आचारसंहिता अद्यावधिक गरी परिपालना एवं अनुगमनमा प्रभावकारिता ल्याउने	ज	√		

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
	सूचना प्रविधिको उपयोग अभिवृद्धि गर्दै कागज रहित लेखापरीक्षण प्रणाली लागू गरिने	झ	√		
	निकायहरूले प्रयोग गर्ने सूचना प्राणालीमा लेखापरीक्षकको पहुँच स्थापित गर्ने	ञ	√		
४	**लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार**				
	नेपालको संविधानबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणबाट विविध विषयहरूमा जोखिमका आधारमा विशेष ध्यान केन्द्रित गर्ने	क	√		
	अनियमितता र भ्रष्टाचारको जोखिम क्षेत्रहरूको पहिचान गरी वित्तीय, कार्यमूलक, परिपालना तथा विशेष लेखापरीक्षण गरिने साथै सामयिक र अनुसन्धानात्मक लेखापरीक्षणका तरिका अबलम्बन गर्ने	ख		√	
	नेतृत्व परीक्षण विधि अवलम्बन गरिने	ग		√	
	आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गरी अन्तिम लेखापरीक्षण नतिजामूलक क्षेत्रमा केन्द्रित गरिने	घ	√		
	सामाजिक लेखापरीक्षणको अवधारणा अनुरुप नागरिक सामाजको सहभागिता बढाइने	ङ	√		
	सामयिक लेखापरीक्षण गरिने	च			√
	गुणस्तर आश्वस्तता एकाइ तथा लेखापरीक्षण गुणस्तर नियन्त्रण समिति बनाई बेरुजुमा एकरुपता ल्याउने	छ	√		
	गुणस्तर मूल्याङ्कनको आधारमा उत्कृष्ट लेखापरीक्षण टोलीलाई पुरस्कृत गरिने	ज	√		
	प्रतिवेदन जारी पूर्व गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने नीति र बाह्य समकक्षी पुनरावलोकन गरी प्रतिवेदनको गुणस्तर आश्वस्तता यकिन गर्ने	झ	√		
५	**वित्तीय अनुशासन तथा जवाफदेहिता**				
	आन्तरिक नियन्त्रण प्रणालीलगायत जिम्मेवारी र जवाफदेहिता निर्वाहका निरोधात्मक उपययहरू अपनाउने	क		√	
	लेखा व्यवस्थापन र कार्यप्रणालीमा सुधारात्मक उपायहरू मार्फत अनियमितत र बेरुजु न्यूनिकरण गरिने	ख		√	
	सार्वजनिक निकायहरूमा संस्थागत व्यवस्था गरी समयमै अनियमितता तथा बेरुजु फछ्यौंट गरिने	ग		√	
	पूर्वक्रियाशील सम्परीक्षण प्रणाली गरिने	घ			√

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
	अत्यधिक बेरुजु हुने निकायहरूलाई उच्च जोखिम समूहमा वर्गीकरण गरी निगरानी तथा अनुगमन गर्ने	ङ	√		
	प्रतिवेदन अगावै लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्यौंट गर्ने गराउने	च		√	
	लेखापरीक्षण गरिने निकाय र लेखापरीक्षकबीच प्रभावकारी अन्तर सम्बन्ध बनाउने	छ	√		
	वित्तीय अनुशासन पालना र बेरुजु फछ्यौंटमा उदासीन पदाधिकारीहरूको अभिलेख तयार गर्ने	ज		√	
	वित्तीय जवाफदेहिताको मूल्याङ्कन गरी कार्यालयको र पदाधिकारीको वर्गीकरण सार्वजनिक गरिने	झ	√		
	आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता पालनाको स्तरको आधारमा सार्वजनिक पदमा वहाल रहेका पदाधिकारीलाई विशेष जिम्मेबारी दिने व्यवस्था मिलाउने	ञ		√	
६	**संस्थागत सम्बन्ध र सञ्चार**				
६.१	**संवैधानिक तथा संसदीय सम्बन्ध**				
	लेखापरीक्षण समयमै सम्पन्न गरी राष्ट्रपतिसमक्ष प्रतिवेदन पेस गर्ने	क	√		
	प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनको व्यवस्था गर्ने	ख	√		
	व्यवस्थापिका-संसद र संसदीय समितिहरूसँगको सम्बन्ध प्रभावकारी बनाउने	ग	√		
	सार्वजनिक लेखा समितिमार्फत लेखापरीक्षण प्रतिवेदनउपर छलफल र कार्यान्वयनको व्यवस्था	घ		√	
	प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनहरू छलफल तथा कार्यान्वयनको व्यवस्था	ङ	√		
	सार्वजनिक लेखा समितिलाई प्रतिवेदनउपर छलफलका विषयबारे पूर्व जानकारी गराउने	च		√	
	व्यस्थापिका-संसद र संसदीय समितिहरूसँग निकट सम्बन्ध स्थापित गर्ने	छ	√		
	संवैधानिक निकायहरूसँग सम्पर्क स्थापना, सम्बनध विकास तथा सूचना आदान प्रदान र सहकार्य गर्ने	ज	√		
	लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन र प्रभाव मूल्याङ्कन गर्ने	झ	√		

सि.नं.	मुख्य काम	क्रम	कार्यान्वयन भएको		कार्यान्वयन नभएको
			पूर्ण	अंशिक	
	लेखापरीक्षण सल्लाहकार समितिलाई प्रभावकारी बनाउने	ञ	√		
६.२	**बाह्य सम्पर्क तथा सञ्चार**				
	कार्यालयको सञ्चार रणनीति परिमार्जन गरी कार्यान्वयमा ल्याइने	क	√		
	सार्वजनिक सञ्चार माध्यम र नागरिक समाजसँगको सहकार्य बढाउने	ख	√		
	लेखापरीक्षण तथा वित्तीय अनुशासनसम्बन्धी गतिविधिहरू समेटी मासिक बुलेटिन प्रकाशन गर्ने	ग	√		
	वैदेशिक दातृ निकायका प्रतिनिधिहरूसँग अन्तर्क्रिय गरी स्रोत परिचालनमा प्रभावकारीता ल्याउने	घ	√		
	वित्तीय व्यवस्थापन र आर्थिक अनुशासन कायम गर्न संघ, प्रदेश र स्थानीय तहमा व्यापक अन्तरक्रिया तथा छलफल गर्ने	ङ	√		
	सम्बन्धित संस्था, विज्ञ विशेषज्ञहरू, नागरिक समाजहरूसँग नियमित छलफल तथा अन्तरक्रिया गर्ने	च	√		
	निजी क्षेत्र, सहकारी र गैरसरकारी क्षेत्रहरूसँग समन्वय, सूचना आदान प्रदान गर्ने	छ	√		
	जनसमुदायलाई आम्दानी, खर्च, विकास र लेखापरीक्षण बारे सुसूचित गर्ने	ज	√		
	वित्तीय व्यवस्थापन, लेखा, लेखापरीक्षण अध्यापन गराउने संस्थाहरूसँगको समन्वयमा प्रशिक्षार्थी सेवा लिने व्यवस्था मिलाउने	झ			√
	अन्तर्राष्ट्रिय तथा क्षेत्रीय लेखापरीक्षण संस्थाहरूसँग सम्बन्ध विस्तार गरी अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यालयको उपस्थिति रहने व्यवस्था गर्ने	ञ	√		
	जम्मा		**८५**	**१७**	**८**



सम्मानीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६० औं वार्षिक प्रतिवेदन, २०७९ पेस गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल
चैत्र ३०, २०७९



सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी समक्ष महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन, पेस गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल



२०७४ मंसीर १८ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट महालेखापरीक्षकको कार्यालय भवन शिलान्यास कार्यक्रममा महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल सहभागी हुनु हुँदै



२०७८ मंसीर ९ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट महालेखापरीक्षकको कार्यालय 'अडिट भवन उद्घाटन कार्यक्रममा महालेखापरीक्षक टंकमणि शर्मा दंगाल सहभागी हुनु हुँदै



महालेखापरीक्षकको कार्यालयको हीरक जयन्ती समारोहमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यू र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल
असार १५, २०७५



महालेखापरीक्षकको ६०औं वार्षिक प्रतिवेदनको सन्दर्भमा सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' र श्रीमान मुख्य सचिव श्री शंकरदास वैरागीको समुपस्थितिमा नेपाल सरकारको लेखाउत्तरदायी अधिकृत सहित माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालबाट प्रस्तुतीकरण पश्चात् उपमहालेखापरीक्षक श्री राममाया कुँवर, श्री महेश्वर काफ्ले, बामदेव शर्मा अधिकारी र निर्देशक रमेश सुवेदी



सार्वजनिक लेखा समितिका माननीय सभापति श्री भरतकुमार शाह र माननीय महालेखापरीक्षक सहितको टोली बीच भएको छलफल



ब्राजिलको रियो द जेनरियोमा ७-११ नोभेम्बर, २०२२ मा सम्पन्न अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाको २४ औं महासभामा सहभागी हुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल, उपमहालेखापरीक्षक श्री महेश्वर काफ्ले र नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी



रूसी महासंघको राजधानी मस्को २३-२८ सेप्टेम्वर २०१९ मा सम्पन्न अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाको २३ औं महासभामा सहभागी हुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल, उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र नायब महालेखापरीक्षक श्री बामदेव अधिकारी



रूसी महासंघको राजधानी मस्कोमा २३-२८ सेप्टेम्वर २०१९ मा सम्पन्न अन्तर्राष्ट्रिय सर्वोच्च लेखापरीक्षण संस्थाको २३ औं महासभामा सहभागीताका क्रममा इस्लामिक गणराज्य पाकिस्तानको महालेखापरीक्षक जावेद जाहन्गिर र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल, उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल र नायब महालेखापरीक्षक श्री बामदेव अधिकारी



संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा २२-२३ जुलाई, २०१९ मा सम्पन्न 'परिवर्तनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरू' र 'दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी लेखापरीक्षण' विषयक कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल, उपमहालेखापरीक्षक श्री राममाया कुँवर र निर्देशक श्री सत्यनारायण थापा



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यू SAI Fighting Corruption-IDI's Global Programme मा सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरूसँग



भुटानका महालेखापरीक्षक छिरिङ के जाङको टोलीसँग माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाल सहित उपमहालेखापरीक्षक श्री बाबुराम गौतम, उपमहालेखापरीक्षक रामुप्रसाद डोटेल सहित महालेखापरीक्षकको कार्यालयमा



भियतनामको हनोईमा १६-२२ सेप्टेम्बर २०१८ मा एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सङ्गठन (एसोसाई) को १४ औं साधारण सभा तथा ७ औं अन्तर्राष्ट्रिय सिम्पोजियम एसोसाईको ५२ औं गभर्निङ बोर्डको बैठकमा माननीय महालेखापरीक्षक टंकमणि शर्मा दंगाल सहभागी हुनु हुँदै